# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक


## इनिशा विकका हत्याकारलाई कडा कारबाही गर्न चार महिला संगठनको जोडदार माग



काठमाडौं । सुर्खेतकी इनिशा विकको बलात्कार र हत्यामा संलग्न सबै अपराधीहरूलाई कडा कारबाही गर्न चार महिला संगठनले जोडदार माग गरेका छन् । क्रान्तिकारी महिला संगठनकी सहसंयोजक शारदा महत, वैज्ञानिका समाजावदी महिला संगठन नेपालकी संयोजक राजेश्वरी बाँकी ६ पेजमा


वर्ष १० अङ्क ३६ पूर्णाङ्क ४६२ | २०८२ चैत २ गते सोमबार | Monday 16 March; 2026 | पृष्ठ ८ | मूल्य रू. १० ।–


# भूराजनीतिक भुङ्ग्रोमा नेपाल : सामाज्यवादविरोधी संयुक्त मोर्चा आजको आवश्यकता

**समाचार विश्लेषण**

❑ **उज्वल**

अमेरिकाको रक्षा मन्त्रालयले सन् २०२६ का लागि राष्ट्रिय रक्षा रणनीति सार्वजनिक गर्दै अमेरिकी भू-भागको सुरक्षा र इन्डो-प्यासिफिक क्षेत्रमा शक्ति सन्तुलन कायम गर्ने लक्ष्यलाई प्राथमिकतामा राखेको छ, जसमा चीनलाई मुख्य चुनौतीका रूपमा उल्लेख गरिएको छ भने रुस, इरान र कोरियालाई दोस्रो तहमा राखिएको छ । "अमेरिका फर्स्ट, शक्ति मार्फत शान्ति" भन्ने अवधारणामा आधारित दस्तावेजमा चीनको नाम सबैभन्दा धेरै पटक उल्लेख गरिएको छ । र, उसलाई प्रत्यक्ष टकराव होइन, सैन्य शक्ति सुदृढ गर्दै रोकथाम गर्ने नीति लिइने स्पष्ट गरिएको छ ।

२०७२ बैशाख १२ गते नेपालमा ७.८ रेक्टर स्केलको भूकम्प गयो । भूकम्पमा परी ८,९७० जनाको मृत्यु भयो । २३,३०० भन्दा बढी घाइते भए । करिब ८० लाख मानिस प्रभावित बने । उद्दार र राहतको नाममा अमेरिका, भारत र चीनबाट हेलिकप्टर र जहाजसहित सेना आए । भारतीय सेनाका मेजर जनरल जेएस सन्धुको नेतृत्वमा १८ वटा हेलिकम्पटरसहित करिब हजारको संख्यामा भारतीय सेना आएका थिए । त्यस्तै जनरल जोहन विसलरको नेतृत्वमा ९ वटा हेलिकप्टरसहित करिब ९ सय अमेरिकी सेना (पटक पटक गरी) आएका थिए । चीनबाट पनि ३ वटा हेलिकप्टरसहित करिब १००० को संख्यामा सेना आएका थिए ।

सन् २०१५ मे १२ (२०७२ वैशाख २९) मा दोलखाको घोरथलीमा अमेरिकी हेलिकप्टर दुर्घटना हुँदा ६ जना अमेरिकी सैनिक र २ जना नेपाली सैनिकको मृत्यु भएको थियो । दुर्घटनामा ज्यान गुमाउने ६ जना अमेरिकी सैनिकहरू 'क्याम्प पेन्डलटन, क्यालिफोर्निया' स्थित म्यारिन लाइट अट्याक हेलिकप्टर स्क्वाड्रन ४६९ का सदस्य थिए । एक स्रोतले भने चीनको जासुसी गर्न उत्तरतर्फको रेड लाइन पार गर्न खोज्दा चिनियाँ सेनाको प्रहारका कारण उक्त दुर्घटना भएको दावी गऱ्यो ।

दशवर्ष लामो माओवादी जनयुद्धलाई दबाउनका निम्ति तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको अनुरोधमा एम-१६ लगायत घातक हतियार र अन्य युद्ध सामग्री दिएको अमेरिकाले नेपाली सेनाको क्याम्पहरूको फोर्टिफिकेशनमा पनि सहभागी भएको थियो । हतियार मात्रै होइन, नेपाली सेनालाई सैन्य तालिम पनि उपलब्ध गराएको थियो । पछि भारतले असन्तुष्टी जनाएपछि बेलायतको मध्यस्थतामा अमेरिकाले भारतमार्फत् नै नेपाल मामिला सञ्चालन गर्दै आएको थियो । सन् २०१५ को विनाशकारी भूकम्पले अमेरिकी सेनालाई नेपाली सेनासँग प्रत्यक्ष सहकार्य गर्ने अवसर पुनः जुरायो । र, विपद् व्यवस्थापन र मानवीय सहायताको आवरणमा अमेरिकी सेनासँग सघन सहकार्य अगाडि बढ्यो ।

सन् २०१५ र २०१७ मा नेपाली सेनाले अमेरिकाको स्टेट पार्टनरसिप प्रोग्राममा आवद्ध हुन पत्र पठायो ।

अमेरिकाले नेपाललाई 'आवेदक' को रूपमा राखेको थियो । सन् २०१९ मा अमेरिकी रक्षा मन्त्रालयले आफ्नो 'इन्डो-प्यासिफिक रणनीति' प्रतिवेदनमा नेपाललाई एसपीपीको नयाँ सदस्य (यूटा नेशनल गार्डसँगको साझेदार) को रूपमा सूचीकृत गरेको थियो ।

त्यस समयमा नेपाललाई आधिकारिक रूपमा एसपीपीको ८० औं सदस्य राष्ट्रको रूपमा अमेरिकाले आफ्नो रेकर्डमा राखेको थियो । नेपालभित्र अमेरिकाको हिन्द प्रशान्त सैन्य रणनीतिको अंग भन्दै 'सैन्य गठबन्धन' को रूपमा व्याख्या र व्यापक रूपमा विरोध गरिएपछि सरकारले ६ असार २०७९ (२०२२ जुन) मा नेपाल सरकारले एसपीपी सम्झौतालाई अगाडि नबढाउने निर्णय गऱ्यो । ९ साउन २०७९ (२५ जुलाई २०२२) मा परराष्ट्र मन्त्रालयले अमेरिकालाई औपचारिक पत्र पठायो ।


त्यसका बाबजुद स्टेट पार्टनरशिप प्रोग्राम अन्तर्गतका सैन्य सहयोग र तालिम नेपाली सेनासँग अमेरिकाले निरन्तर रूपमा गरिरह्यो । तथापि, नेपाली सेनाले पटक-पटक विज्ञप्ति जारी गर्दै आफू नेपालको असंलग्न परराष्ट्र नीति र भू-राजनीतिक संवेदनशीलताप्रति सचेत रहेको र कुनै पनि सैन्य गठबन्धनमा सहभागी नहुने प्रष्ट पार्दै आएको छ । तर एमसीसी पास गर्दा संसदवादी दलहरूको एमसीसी सम्झौतामा संशोधनका लागि गरेको १२ बुँदे व्याख्यात्मक घोषणा र नेपाली सेनाका वक्तव्यहरूले अमेरिकाको हकमा कुनै अर्थ औचित्य राख्दैन ।

सन् २०१५ यता नेपाल र अमेरिकाबीच मानवीय सहायता, विपद् व्यवस्थापन र शान्ति स्थापनाका नाममा सैन्य तालिमहरू, सैन्य उपकरणहरू सहयोग र अमेरिकी सैन्य कमाण्डरहरूको उच्चस्तरीय भ्रमणहरू हुँदै आएका छन् ।

१- एक्स ब्यालेन्स नेल : नेपाली सेनाका अनुसार यो सन् २००३ देखि नियमित रूपमा भइरहेको संयुक्त सैन्य अभ्यास हो । यसको ४१ औं संस्करण सन् २०२४ फेब्रुअरीमा छाउनी र नगरकोटमा सम्पन्न भयो । यो विपद् व्यवस्थापन, खोज तथा उद्धारमा केन्द्रित रहने गरेको छ ।

२- शान्ति प्रयास : यो बहुराष्ट्रिय शान्ति स्थापनासँग सम्बन्धित सैन्य अभ्यास हो । यसको तेस्रो र चौथो औं नेपालमा भव्य रूपमा सम्पन्न भइसकेको छ । यसमा अमेरिकीइन्डो-प्यासिफिक बाँकी ७ पेजमा

## क्रान्तिकारी युवा संघ नेपाल र अखिल (क्रान्तिकारी)को बलात्कारी-अपराधीहरूलाई कारबाही गर्न माग



संयुक्त प्रेस वक्तव्य

काठमाडौं । क्रान्तिकारी युवा सङ्घ नेपाल र अखिल (क्रान्तिकारी) ले संयुक्त वक्तव्य प्रकाशित गर्दै बलात्कारी-अपराधीहरूलाई कारबाही गर्न सरकारसँग जोडदार माग गरेका छन । क्रान्तिकारी युवा संघ नेपालका संयोजक दोर्जी शेर्पा र अखिल क्रान्तिकारीका केन्द्रीय अध्यक्ष महेश श्रेष्ठले संयुक्त वक्तव्य जारी गर्दै सो माग गरेका हुन् । वक्तव्यमा सुर्खेत वीरेन्द्र नगरपालिकाकी इनिशा बि.क. ,कञ्चनपुरकी निर्मला पन्त तथा भागीरथी भट्ट ,अंशु गौतम माथि गरिएको बलात्कार र बलात्कार पछि भएको उनीहरूको हत्याका अपराधीहरूलाई फास्ट ट्र्याकबाट अनुसन्धान गरी कारबाही गर्न माग गरिएको छ ।

# अमेरिकी सेनाका अर्का कमाण्डर काठमाडौंमा

काठमाडौं । अमेरिकी सेनाका उप-कमाण्डिङ जनरल जोएल 'जेबी' भोवेल तीन दिने भ्रमणका लागि हिजो आइतबार काठमाडौं आइपुगेको छ । उनी फोर्ट शाफ्टर, हवाईमा अवस्थित अमेरिकी सेना प्रशान्तका लागि उप कमान्डिङ जनरल हुन् । फागुन २१ गते भएको संसदीय निर्वाचनपछि नेपाल भ्रमणमा आउने उनी सबैभन्दा उच्च पदस्थ अमेरिकी सेनाका अधिकारी हुन् ।

जनरल भोवेल आइतबार भुटान हुँदै काठमाण्डु आउनेछ छन् । भ्रमणका क्रममा उनले काभ्रेपलाञ्चोकको पनौती नजिक रहेको वीरेन्द्र शन्ति तालिम सञ्चालन केन्द्रको अवलोकन गर्नेछन् । त्यसक्रममा उनले नेपाल सेनाले सञ्चालन गरिरहेको विभिन्न गतिविधि अवलोकन गर्ने कार्यक्रम छ । अमेरिकी जनरल भोवेलले प्रधानसेनापति अशोकराज सिग्देलसहित नेपाल सेनाका वरिष्ठ अधिकारीहरूसँग पनि भेट गर्ने सम्भावना छ ।



नेपाल आउनु अघि जनरल भोवेलले बिहीबार भारतका प्रधानसेनापति उपेन्द्र द्विवेदीसँग दिल्लीमा भेटवार्ता गरेका थिए । उक्त भेटमा भारत-अमेरिका रक्षा साझेदारीलाई थप सुदृढ गर्ने उपायहरूबारे छलफल भएको भारतीय सेनाले जनाएको छ ।

त्यसैगरी उनले भारतीय सेनाका रथी पुष्पेन्द्र सिंहसँग पनि भेट गरी इन्डो-प्यासिफिक क्षेत्रको सुरक्षा अवस्था र संयुक्त सैन्य तालिमबारे छलफल गरेका थिए ।

भारतपछि उनले भुटानको भ्रमण गरेका छन् । भुटानको भ्रमण सकेर उनी आइतबार काठमाण्डु आउन लागेका हुन् ।

फागुन २१ को निर्वाचनअघि पनि संयुक्त राज्य अमेरिकाको इन्डो-प्यासिफिक कमाण्डका कमाण्डर एड्मिरल सामुयल पापारो फेब्रुअरी १३-१४ मा काठमाण्डुको भ्रमण गरेका थिए ।

अमेरिकी सेनाका अनुसार अमेरिका र नेपालबीच संयुक्त अभ्यासमार्फत विपद् व्यवस्थापन क्षमता सुदृढ गर्ने, प्राविधिक सहयोग प्रदान गर्ने, हेलिकप्टर, सवारीसाधन र सञ्चार प्रणाली जस्ता उपकरण उपलब्ध गराउने जस्ता विषयमा उच्चस्तरको सैन्य सहयोगका विषयमा नेपालसँग सहकार्य भइरहेको छ ।

सन् २०१९ मा नेपाली सेना स्टेट पार्टनरसिप प्रोग्राममा आबद्ध भएपछि नेपाली सेना र अमेरिकी सेनाबिचमा बर्षमा ३ देखि ४ वटासम्म संयुक्त तालिम सञ्चालन हुँदै आएको छ । चुनावअघि र चुनावपछिका अमेरिकी सैन्य कमाण्डरहरूको भ्रमणले नेपाल अमेरिकाको हिन्द प्रशासन्त सैन्य रणनीतिको बाँकी ७ पृष्ठमा

## 'साम्राज्यवाद विरोधी संयुक्त मोर्चा आजको आवश्यकता'

काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले साम्राज्यवाद विरोधी संयुक्त मोर्चा आजको आवश्यकता रहेको बताएको छ । २०८२ फागुन २४ र २६ गते बसेको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको स्थायी समितिको बैठकले सो निष्कर्ष निकालेको हो । बैठकले फागुन २१ गतेको संसदीय निर्वाचनको मूल्यांकन , निर्वाचन बहिस्कार आन्दोलनको समीक्षा समेत गरेको छ । पार्टीका प्रवक्ता सुदर्शनले २०८२ फागुन २८ गते एक प्रेस विज्ञप्ति जारी गर्दै स्थायी समितिको बैठकले गरेका निर्णयहरू सार्वजनिक गर्नु भएको छ । प्रेस विज्ञप्ति यस प्रकार छ -

"२०८२ फागुन २४ र २६ गते क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको स्थायी समितिको बैठक महासचिव कमरेड गौरवको अध्यक्षतामा सम्पन्न भएको छ । उक्त बैठकले गरेका निर्णयहरू सार्वजनिक गर्न यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

१) महान् जनयुद्ध, ऐतिहासिक जनान्दोलन र राष्ट्रिय मुक्ति आन्दोलनहरूमा शहादत प्राप्त गर्ने वीर तथा विराङ्गनाहरूप्रति हार्दिक श्रद्धाञ्जली बाँकी ७ पृष्ठमा

# बहिस्कार आन्दोलनलाई सहयोग गर्ने जनसमुदायप्रति संयुक्त संघर्ष समितिको हार्दिक धन्यवाद

## जनसरोकारका चारवटा माग तत्काल सम्बोधन गर्न जोडदार माग

काठमाडौं । संयुक्त संघर्ष समितिले एक वक्तव्य जारी गरी निर्वाचन बहिस्कार आन्दोलनमा सहयोग गर्ने जनसमुदाय र सहभागीप्रति धन्यवाद ज्ञापन गरेको छ । समितिका संयोजक सीपी गजुरेलले जारी गरेको प्रेस वक्तव्यमा सरकारसँग चारवटा माग अगाडि सारिएको छ ।

क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाल, नेपाल कम्युनिष्ट पार्टी (बहुमत), नेपाल कम्युनिष्ट पार्टी र वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपाल सम्मिलित 'केन्द्रीय संयुक्त संघर्ष समिति'को बैठक २०८२ चैत्र २७ गते संयोजक कमरेड सीपी गजुरेलको अध्यक्षतामा बसेको थियो । सो बैठकले गरेका निर्णयहरू प्रेस वक्तव्यमार्फत् सार्वजनिक गरिएको हो ।

बैठकले 'केन्द्रीय संयुक्त संघर्ष समितुले सञ्चालन गरेको बहिष्कार आन्दोलनको समीक्षा गर्दै बहिष्कार आन्दोलनमा सहयोग गर्ने र सहभागी हुने जनसमुदायप्रति हार्दिक धन्यवाद ज्ञापन गर्यो । त्यसैगरी संयुक्त मोर्चालाई अझै सुदृढ र व्यापक बनाउँदै लैजान छलफल अघि बढाउने निर्णय गर्यो ।

त्यसैगरी, बैठकले, एक, पेट्रोलियम पदार्थ लगायत अत्यावश्यक वस्तुहरूको अभाव हुन नदिन र मूल्य वृद्धि रोक्न, दुई, खाडी क्षेत्रमा रहेका नेपालीको सुरक्षाको तुरुन्त पहल गर्न, तीन, बलात्कारपछि हत्या गरिएकी सुर्खेतकी इनिशा विकका हत्याराहरूलाई तुरुन्त कारबाहीको दायरामा कडाईका साथ ल्याउन, चार, गत भाद्र २२ र २३ गतेको प्रकरणको जाँचबुझ आयोगको प्रतिवेदन तुरुन्त सार्वजनिक गर्न राज्यसँग जोडदार माग गरेको छ ।

# साम्राज्यवादी संकट र क्रान्तिकारीहरूको भूमिका



● परी थापा ●

साम्राज्यवाद (Imperialism) भन्ने शब्द ल्याटिन शब्द इम्पेरियम (Imperium) बाट व्युत्पन्न भएको हो जसको अर्थ 'नियन्त्रण गर्नु, 'संप्रभु हुनु' वा 'शासन गर्नु' भन्ने हुन्छ । यो शब्द १९औं शताब्दीमा नेपोलियन तृतीयको आक्रमणद्वारा राजनीतिक समर्थन प्राप्त गर्ने प्रयासलाई वर्णन गर्न बनाइएको थियो । यो शब्द सन् १८७० को दशकमा ब्रिटिश साम्राज्यका लागि गरिएको थियो र यसले सन् १८८० को दशकसम्ममा पश्चिममा सकारात्मक अर्थ ग्रहण गरेको थियो । यो शब्दलाई १९औं शताब्दीको अन्त्यसम्ममा सबै समय र स्थानका साम्राज्यहरूको व्यवहारलाई वर्णन गर्न प्रयोग गरिएको थियो । राजनीतिक अर्थशास्त्री जोसेफ शम्पीटर (सन् १८८३-१९५०) र इतिहासकार एवम् दार्शनिक हन्ना एरेन्ट (सन् १९०६-१९७५) ले भने साम्राज्यवादलाई आफ्नै लागि गरिने विस्तारका रूपमा परिभाषित गरेका छन् ।

साम्राज्यवादका आलोचक तथा ब्रिटिश आर्थिक पत्रकार जोहन हब्सन (सन् १८५८-१९४०) ले 'साम्राज्यवादः एक अध्ययन' रचनामा साम्राज्यवादको शास्त्रीय विश्लेषण गरेका छन् र गृह देशका व्यापारिक स्वार्थहरूले उपनिवेशमा लाभ प्राप्त गर्नका लागि राज्यको शक्तिलाई कसरी हेरफेर गर्न सक्दछन् भन्ने कुराको अन्वेषण गरेका छन् । सन् १९१७ मा भ्लादिमिर लेनिन (सन् १८७०-१९२४) ले व्यापारिक संस्थाहरूले भौगोलिक क्षेत्र भन्दा आर्थिकरूपमा प्रभुत्व जमाउन पुँजी निर्यात गरेपछि साम्राज्यवादलाई 'पुँजीवादको उच्चतम चरण' को रूपमा पुनर्परिभाषित गरेका थिए । लेनिनको रचना 'साम्राज्यवादः पुँजीवादको उच्चतम चरण' मा साम्राज्यवाद पुँजीवादी राष्ट्रहरूले नयाँ बजार र स्रोतहरू खोज्दा उत्पन्न हुन्छ भन्ने तर्क गरिएकोछ । सन् १९६५ मा अफ्रिकी देश घानाका राजनीतिज्ञ क्वामे न्क्रुमाह (सन् १९०९-१९७२) को रचना 'नव-औपनिवेशवादः साम्राज्यवादको अन्तिम चरण' मा व्यापार, सैन्य शिविर, सांस्कृतिक प्रभुत्व र अन्तर्राष्ट्रिय मुद्राकोषसँग जोडेर नव-उपनिवेशवादलाई "साम्राज्यवादको अन्तिम चरण" को नाम दिएका थिए ।

सन् १९६७ मा समाजशास्त्री आन्द्रे फ्र्याङ्क (सन् १९२९-२००५) ले असमान विनिमय (साम्राज्यद्वारा नियन्त्रित मूल्य निर्धारण) स्वयंले साम्राज्यलाई पुनः उत्पादन गर्दछ भन्ने दावी गरेका छन् । सन् १९७८ मा प्यालेस्टिन मूलका अमेरिकी प्राज्ञिक एडवार्ड साईद (सन् १९३५-२००३) ले साम्राज्यवाद शब्दलाई प्रभुत्व र अधीनस्थतालाई वर्णन गर्न प्रयोग गरेका छन्, जसले साम्राज्यवादी केन्द्र र परिधीय क्षेत्रलाई प्रतिबिम्बित गर्दछ । सारांशमा भन्नुपर्दा साम्राज्यवाद भनेको विदेशी राष्ट्रहरूमाथि विशेषगरी विस्तारवाद-जसमा कडा बाँकी ४ पृष्ठमा

## सम्पादकीय

# खाँचो आफैप्रतिको निर्मम समीक्षाको

'वस्तुको विकास र विनाशमा अन्तर्वस्तु प्रधान हुन्छ । विचारधारात्मक राजनीतिक कार्यदिशा सहि वा गलत हुनुले सबै कुराको निर्धारण गर्दछ । मार्क्सवाद लागू गर, संशोधनवाद होइन, नफूट एकजुट होऔं, छलछाम षड्यन्त्र नगर, खुल्ला, स्पष्ट र इमान्दार बन । इतिहासका निर्माता जनता हुन् । जनताबाट सिक, जनतालाई सिकाऊ । पार्टी र जनताबिचको सम्बन्ध नङ र मासुको जस्तो, माछा र पानीको जस्तो हुनु पर्दछ । जनताको र नेताको जीवनस्तर छुट्टिनु हुँदैन । सित्तैमा जनताको सियो धागो पनि लिनु हुँदैन । उत्पादन बढाऊ, क्रान्तिलाई दह्रोसँग पक्ड ।' जस्ता आदि अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन तथा विश्व सर्वहारावर्गका नेताहरूका निर्देशनहरूलाई कम्युनिस्ट पार्टीहरूले कागजका पाना र बैठक कोठाहरूमा सीमित राखे । जीवन व्यवहारमा उतारेनन् । विचार, सिद्धान्त र व्यवहारका बिच ठूलठूला खाडलहरू निर्माण भए । जीवनशैली, कार्यशैली, सोच, चिन्तन, आचार व्यवहार सबै कम्युनिस्ट आचरण र नैतिकताविरोधी अपनाइयो । सर्वहारावर्गीय क्रान्तिकारी रूपान्तरण होइन, उल्टो तीव्र गतिमा बुर्जुवाकरण भयो । पद र पैसाप्रतिको आशक्ति यति बढेर गयो कि जतिसुकै सानो पार्टी भएपनि गुटहरू संस्थागत भए । जनवादी केन्द्रीयताको अभ्यास, आलोचना-आत्मालोचनाको पद्धति मृत प्रायः हुन पुग्यो । व्यक्तिहरू हावी र प्रभावी हुँदा संगठनहरू प्यारालाइज्ड हुन पुगे । मार्क्सवादलाई अवसरवादले जित्यो । सिद्धान्त, विचार, आदर्श, क्रान्तिकारी मूल्य, वर्गप्रतिको निष्ठा, इमान्दारिता, त्याग, तपस्या, बलिदानको महत्व, त्यसमाथिको बहस हराएर गयो । सक्रियतालाई निष्क्रियता र उदासिनताले निल्यो । जनसम्बन्ध यति कमजोर हुन पुग्यो कि जनताले साँचो अर्थमा विश्वास गर्ने, साथ दिने भौतिक परिस्थिति निर्माण हुनै सकेन । परिणामतः अस्तित्वमाथिकै संकट मडारिन पुग्यो । अब यो नकारात्मक विरासतलाई भत्काएर नयाँ आशा, उत्साह, जोश जाँगरले भरिएको एकदमै गतिशील क्रान्तिकारी पार्टी निर्माण कसरी गर्ने ? सर्वहारावर्गीय क्रान्तिको पक्षमा 'भाष्यहरू" (क्रान्तिकारी अल्गोरिद्म) कसरी निर्माण गर्ने ? क्रान्तिकारी कम्युनिस्टहरूलाई कसरी प्रविधि र जनमैत्री बनाउने ? डायस्पोरामा रहेका नेपालीहरूलाई साम्राज्यवादको विश्वव्यापी आतंक र सर्वहारावर्गीय क्रान्तिको अनिवार्यताको तथ्य कसरी बोध गराउने ? साम्राज्यवादका विरुद्धको अन्तर्राष्ट्रिय मञ्चलाई कसरी चलायमान बनाउने ? क्षेत्रीय रूपमा भारतीय विस्तारवादको खतरा दिनप्रतिदिन बढ्दो छ, त्यसका विरुद्ध देशभित्र र क्षेत्रीय रूपमा नै मोर्चा बनाएर कसरी अगाडि बढाउन सकिन्छ ? नेपालमा स्वाधीन संयुक्त सरकारको खाँचोलाई कसरी जनबोध गराउने ? जनतालाई बुझाउने, संगठित गर्ने र आन्दोलित बनाउने मिसन जनताकै बिचमा रहेर सञ्चालन गर्न जरुरी छ । भाष्य निर्माणका लागि डिजिटल प्लेटफर्महरूलाई व्यापक रूपमा प्रयोग गर्न जरुरी छ । साथमा, जनपक्षीय मिडियाहरूलाई पनि । साम्राज्यवाद, विस्तारवाद र उनीहरूका घरेलु दलालहरूका देशघाती र जनघाती गतिविधिहरूका विरुद्ध 'प्रतिरोधी भाष्य' निर्माण गरेर मात्रै जनतामा रहेको भ्रमलाई चिर्न सकिन्छ । सामाजिक सञ्जालको अत्यधिक प्रयोगले सामान्य जनतालाई सोच्नै नसक्ने बनाइदिएको छ । आफ्नो मोवाइलको स्क्रिनमा जे आयो, त्यसलाई नै सत्य ठान्ने र त्यसैका आधारमा धारणा बनाउने प्रवृत्ति बढेको छ । त्यसलाई चिरेर अगाडि बढ्ने क्रान्तिकारी आशावादले लैस, कम्युनिस्ट आचरण, निष्ठा र नैतिकताले समृद्ध, एकदमै अनुशासित र प्रतिबद्ध दस्ताहरूको निर्माण गर्न जरुरी छ । त्यसका निम्ति आफैप्रतिको निर्मम समीक्षा नै आजको प्रमुख आवश्यकता हो । यसैको जगमा मात्र समयले मागेको नयाँ ढंगको क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण सम्भव हुन्छ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com

# नेपालमा बढ्दो अमेरिकी हस्तक्षेप र सम्भावनाहरू



● डा. केशव देवकोटा ●

**नेपालजस्तो सानो तर रणनीतिक स्थानमा रहेको मुलुकले आफ्नो अस्थित्व रक्षाका लागि भएपनि असंलग्नतालाई कड्याइँका साथ पालना गरेको हुनुपर्नेमा त्यो हुन सकिरहेको छैन । नेपालमा अमेरिकाको निरन्तर उपस्थिति कायम गराउनका लागि 'संघीय शासन' र 'एमसीसी' दुईवटा परियोजना औपचारिकरूपमा सञ्चालनमा रहेका छन् । अब एसपीपीमा नेपाल र अमेरिकाबीच हस्ताक्षर गराउने र चीनसँगबाट नेपाललाई पूरै अलग्याउनका लागि दलाई लामाको केन्द्र भारतबाट नेपालमा सार्ने प्रयास भैरहेको छ । जसका लागि यसअघिका सरकारहरूले हज्जारौ तिब्बति शरणार्थीका सन्तानलाई जन्मका आधारमा नेपाली नागरिकता प्रदान गरेर अमेरिका अनुकूलको वातावरण बनाउने प्रयास गरिसकेका छन् ।**

नेपालमा एकातिर अमेरिकी हस्तक्षेप र यहाँका सरकारहरको अमेरिकी संलग्नता बढिरहेको छभने अर्कातिर उक्त हस्तक्षेप र संलग्नताका कारण बिभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय संकटको सिर्जना भएको देखिएको छ । नेपालले हालैमात्र इरानको बिपक्ष र अमेरिकाको पक्षमा निर्णयगरेपछि सरकार परिवर्तन भएपनि नीति परिवर्तन नभएको स्पष्ट भएको छ । बर्तमान अन्तरिम चुनावी सरकारले गतसाता नेपाल भ्रमणगर्न चाहने इरानका नागरिकलाई आगमन प्रवेशआज्ञा (अनअराइवल भिसा) उपलब्ध नगराउने भएपछि उपरोक्त रहस्य खुलेको हो । नेपालमा अनअराइवल भिसा प्राप्त नहुने मुलुकको संख्या १३ पुगेको छ । त्यस्तो भिसा नपाउने अन्य मुलुकमा नाइजेरिया, घाना, जिम्वाबे, स्वीटजरल्यान्ड, क्यामेरुन, सोमालिया, लाइबेरिया, इथियोपिया, इराक, प्यालेष्टाइन, अफ्गानिस्तान र सिरिया रहेका छन् । त्यसैगरी शरणार्थी स्टाटसका ट्राभल डकुमेण्ट भएका व्यक्तिले पनि नेपाल प्रवेशगर्दा विदेशस्थित नेपाली दूतावासबाट भिसा लिएरमात्र नेपाल प्रवेशगर्न पाउने व्यवस्था गरिएको छ । जसले बर्तमान चुनावी सरकार र अब बन्दैगरेको रास्वपाको सरकारसमेत अमेरिकी प्रभावमा रहेको देखाएको छ । हुन त नेपालले यसअघि पनि रुस-युक्रेन युद्धमा युक्रेन र इजरायल हमास युद्धमा इजरायलको समर्थनगर्दै आफूलाई अमेरिकी सैन्य संगठन 'नेटो' निकट देखाउने प्रयास गर्दैआएको थियो । पछिल्ला बर्षहरूमा नेपालमा अमेरिकी सैन्य अधिकारीहरूको आगमन निरन्तर भैरहेको देखिएको छ । हिजो आइतबारमात्र अमेरिकी सेनाका उच्च अधिकारी लेफ्टिनेन्ट जनरल जोएल जेबी भोवेल नेपालको तीनदिने भ्रमणका लागि काठमाडौं आइपुग्नुभएको समाचार बाहिर आएको छ । उहाँ अमेरिकी सेनाको यूएस आर्मी प्यासिफिकका उप-कमान्डिङ जनरल हुनुहुन्छ । उहाँको यस पटकको भ्रमणलाई नेपाल-अमेरिका सुरक्षा सहकार्य तथा क्षेत्रीय सुरक्षा रणनीतिसँग जोडेर हेरिएको छ ।

विशेषगरी हिन्द-प्रशान्त क्षेत्रमा बढ्दो भू-राजनीतिक प्रतिश्पर्धाकाबीच भएको यो भ्रमणले कूटनीतिक तथा सुरक्षा क्षेत्रका विश्लेषकहरूको ध्यानाकर्षण गरेको छ । जनरल भोवेलले नेपाल बसाइँकाक्रममा नेपाली सेनाका उच्च अधिकारीहरूसँग भेटवार्तागर्ने भनिएको छ । भेटवार्तामा दुवै देशबीच सैनिक-सैनिक सहकार्य विस्तारगर्ने विषयमा केन्द्रित छलफल हुने टिकाटिप्पणी पनि भैरहेका छन् । जनरल भोवेल अमेरिकी हिन्द-प्रशान्त सुरक्षा रणनीतिअन्तर्गत कामगर्ने वरिष्ठ सैनिक अधिकारी भएको थाहाभएको छ । त्यसैले उहाँको नेपाल भ्रमणलाई हिन्द-प्रशान्त क्षेत्रमा सुरक्षा सहकार्य विस्तारगर्ने प्रयासकारूपमा पनि विश्लेषण गरिएको छ । त्यसो त अमेरिकाले पछिल्ला वर्षहरूमा दक्षिण तथा दक्षिण-पूर्व एशियामा सुरक्षा साझेदारी विस्तारगर्ने रणनीति अघिबढाउँदै आएको स्पष्ट छ । यसअघि पनि अमेरिकी इन्डो-प्यासिफिक कमान्डका उच्च अधिकारीहरू बारम्बार नेपाल भ्रमणमा आउने गरेका थिए । नेपालमा गत फागुन २१ गतेको निर्वाचनको ठीक पूर्वसन्ध्यामा अमेरिकी इन्डो-प्यासिफिक कमान्डका जनरल स्यामुअल पापारो पनि नेपाल भ्रमणमा आउनुभएको थियो । उहाँको भ्रमण औपचारिक भनिए पनि भ्रमणको खास उद्देश्यबारे हालसम्म स्पष्ट हुनसकेको छैन । हिजो काठमाडौं आउनुअघि जनरल भोवेलले भारत र भुटानको भ्रमण गर्नुभएको पाइएको छ । उहाँले भारतीय सेनाका प्रमुखसँगसमेत भेट गर्नुभएको समाचार बाहिर आएको छ । सो भेटमा पनि क्षेत्रीय सुरक्षा अवस्थाकाबारेमा छलफल भएको बताइएको छ । भारत र नेपाल दुवै दक्षिण एशियाका रणनीतिकरूपमा महत्वपूर्ण मुलुक भएकाले यहाँ अमेरिकी चासो बढेर गएको देखिएको छ ।

नेपाल चीन र भारतबीच अवस्थित भौगोलिक रूपमा संवेदनशील मुलुक भएकाले खासगरी अमेरिकी चासो बढेको स्पष्ट छ । नेपालले लिखित र औपचारिकरूपमा असंलग्न परराष्ट्र नीति र अशल छिमेकी नीति अवलम्बन गरिरहेको भनिएपनि व्यवहारमा स्वतन्त्र परराष्ट्र नीतिका नाममा आफूलाई अमेरिकी सैन्य गठबन्धन नेटोको सच्चा पहरेदारकारूपमा उभ्याउँदै आएको छ । जसले नेपालको सार्बभौमिता र अखण्डतामाथि नै चुनौती बढाउँदै लगेको छ । नेपालको राजनीतिमा अमेरिकी हस्तक्षेप बढ्दै गएको बारेको बहस पछिल्ला वर्षहरूमा निकै तीव्र भएको छ । तर त्यसको समाधान गर्न/गराउन यहाँको सरकार र अन्य राजनीतिक पक्षहरूले खासै ठोस रणनीति अवलम्बन गरिरहेका छैनन् । कतिसम्म भने नेपालका कम्युनिष्ट पार्टीहरूका बीचमा विदेशी हस्तक्षेपका बिरुद्ध संयुक्त मोर्चासमेत बन्न सकिरहेको छैन । भू-राजनीतिक रूपमा नेपाल दक्षिण एशियाका दुई ठूला शक्तिहरू चीन र भारतका बीचमा रहेको देश हो । पछिल्ला वर्षहरूमा अमेरिकाले पनि यस क्षेत्रमा आफ्नो रणनीतिक उपस्थिति बढाउन अथक प्रयास गरिरहेको छ । जसलाई इन्डो प्यासिफिक रणनीतिका सन्दर्भमा हेर्ने गरिन्छ । जसले एशिया-प्रशान्त क्षेत्रमा अमेरिकी प्रभाव कायम राख्ने लक्ष्य राख्छ ।

त्यसैले नेपालजस्तो सानो तर रणनीतिक स्थानमा रहेको मुलुकले आफ्नो अस्थित्व रक्षाका लागि भएपनि असंलग्नतालाई कड्याइँका साथ पालना गरेको हुनुपर्नेमा त्यो हुन सकिरहेको छैन । नेपालमा अमेरिकाको निरन्तर उपस्थिति कायम गराउनका लागि 'संघीय शासन' र 'एमसीसी' दुईवटा परियोजना औपचारिकरूपमा सञ्चालनमा रहेका छन् । अब एसपीपीमा नेपाल र अमेरिकाबीच हस्ताक्षर गराउने र चीनसँगबाट नेपाललाई पूरै अलग्याउनका लागि दलाई लामाको केन्द्र भारतबाट नेपालमा सार्ने प्रयास भैरहेको छ । जसका लागि यसअघिका सरकारहरूले हज्जारौ तिब्बति शरणार्थीका सन्तानलाई जन्मका आधारमा नेपाली नागरिकता प्रदान गरेर अमेरिका अनुकूलको वातावरण बनाउने प्रयास गरिसकेका छन् । नेपालबाट बिभिन्न बहानामा खास नेपालीलाई बिस्थापित गराउने र विदेशीहरूलाई स्थापित गराउने कार्य तीब्र बन्दैगएको छ । जसका कारण कतिपय राजनीतिक बिश्लेषकहरूले नेपालमा नेपालीहरूको अवस्था 'प्यालेष्टाइनको जस्तो' हुनसक्ने आंकलन पनि गरेका छन् । पछिल्ला बिभिन्न घटनाक्रमहरूले नेपालमा लागूगराइएको एमसीसी अमेरिकी रणनीतिक प्रभाव बढाउने मुख्य माध्यम भएको कुरा स्पष्ट गरेका छन् । नेपालमा अमेरिकी हस्तक्षेप बढ्नुमा यहाँको आन्तरिक राजनीतिक कमजोरी पनि जिम्मेवार रहेको छ । विदेशी प्रभावको मुख्य कारण बाह्य शक्ति होइन, नेपालको आफ्नै राजनीतिक अस्थिरता पनि हो पनि कुरा पनि स्पष्ट छ ।

नेपाली उखान धमिलो पानीमा माछामार्ने नीतिलाई अमेरिकीहरूले नेपालमै प्रयोग गरेका छन् । यहाँको राजनीतिक वातावरण बारम्बार धमिल्याएर यहाँ राजनीतिगर्ने कला विदेशहरूको बढो रोचक रहेको छ । नेपालको राजनीति सधै धमिलो बनाइराख्न यहाँकै केही दलका केही नेताहरूलाई परिचालन गरिएको छ । नेपालको बारम्बार सरकार परिवर्तन, दलगत विभाजन, र कमजोर संस्थागत संरचनाले बाह्य शक्तिलाई प्रभाव बढाउने अवसर प्रदान गरेको हो । त्यसैका कारणले नेपालले कूटनीतिक सन्तुलन पनि मिलाउन सकिरहेको छैन । नेपालको परराष्ट्र नीतिको आधार भनेकै परम्परागतरूपमा सन्तुलित कूटनीति हो । सबै देशसँग मित्रता कायम राख्ने र कसैको रणनीतिक प्रतिस्पर्धामा प्रत्यक्ष/परोक्ष भाग नलिने सिद्धान्तलाई ब्यवहारमा अक्षरस कार्यान्वयन नगरिएका कारण हालकाजस्ता बिभिन्न समस्याहरूको सिर्जना भएको हो । जसलेगर्दा नेपालीहरू 'आफ्नै घर आगनमा परदेशीजस्ता' बन्दै जानथालेका छन् । समग्रमा हेर्दा नेपालको आन्तरिक राजनीतिमा कतिपय कमजोरी रहेको र कूटनीतिक व्यवस्थापन पनि राम्रो हुन नसकेका कारण विदेशी हस्तक्षेप बढेको देखिएको छ । यदि नेपालजस्तो मुलुकले आफ्नो राष्ट्रिय हित स्पष्टरूपमा परिभाषितगरी सन्तुलित कूटनीति अपनायो भने, ठूला शक्तिहरूसँगको सम्बन्धलाई अवसरमा रूपान्तरणगर्न पनि सक्छ । अमेरिका र चीनबीच बढ्दो रणनीतिक, आर्थिक र राजनीतिक प्रतिस्पर्धाले गर्दापनि नेपालजस्तो सानो र भूराजनीतिकरूपमा संवेदनशील देशमा बिभिन्न प्रकारका रणनीतिक समस्याहरूको सिर्जना भएको हो ।

नेपाल दुई ठूला शक्ति चीन र भारतबीच रहेको र अमेरिकासँग पनि सहयोग सम्बन्ध रहेकाले नेपालले नै उपरोक्त तीनवटा शक्तिको नेपाल स्वार्थलाई सन्तुलन मिलाउन सक्नुपर्ने हो । नेपालमा सन् १९५० को सन्धीपछि अत्यधिक भारतीय हस्तक्षेप बढेको हो । भारतलेनै नेपाललाई चीनबाट अलग्याउन अमेरिकालाई नेपालमा प्रबेश गराएको हो । हाल घटनाक्रमलेगर्दा नेपालमा अमेरिकी उपस्थिति चीनमात्र नभएर भारतका लागिसमेत चुनौती बन्दैगएको छ । जसका कारण चीन र भारत कतिपय अवस्थामा मिल्ने र कतिपय अवस्थामा टाढिने गर्दैआएका छन् । जसलेगर्दा नेपालका लागि चीन र भारत मिले पनि र टाढिए पनि खतरा हुने गरेको छ । त्यसबीचमा अमेरिकाले खेल्न थालेका कारण झन खतरा बढेको छ । यदि नेपालमा विदेशी हस्तक्षेपलाई कमगर्दै लाने होभने सर्बप्रथम असंलग्न परराष्ट्र नीति र अशल छिमेकी नीतिको अक्षरस पालना भएको हुनुपर्दछ । हाल नेपालमा कार्यान्वयनमा रहेका दुई अमेरिकी परियोजना 'संघीय शासन' र 'एमसीसी'लाई तत्काल अन्त्यगर्ने र अब परिचालन हुनलागेका परियोजना 'नेपालमा दलाइलामाको स्थापना' र 'एसपीपी' परियोजनामा हस्ताक्षर हुनबाट रोक्न/रोकाउन सक्नुपर्दछ । अन्यथा साँढेको जुधाइमा बाच्छाको मिचाइ हुनक्ने अवस्था छ ।

# नेपालमा अब अमेरिकी सैन्य क्याम्प रहने त्रास

काठमाण्डौ ।नेपालमा रास्वपाले जितेपछि सबैभन्दा ठूलो त्रास भनेको अमेरिकी सैन्य अखाडा राख्न देलान् भन्ने छ । त्यो त्रास निराधार भने होइन ।

चीनलाई चारैतिरबाट घेर्ने रणनीति अन्तरगत अमेरिकाले पूर्वतिर जापान र दक्षिण कोरिया अनि दक्षिण पूर्वतिर फिलिपिन्स, सिंगापुर तथा दक्षिणतिर थाइल्यान्डमा अमेरिकी सैन्य अड्डा राखेको छ ।

पश्चिमतिर अलि टाढा बहराइन, कतार, कुवेत र इराकमा अमेरिकी सैन्य अड्डा छन् । पश्चिम र दक्षिण पश्चिमतिर उसले अरु अड्डा राख्न भ्याएको छैन । बंगलादेश र भियतनाममा उसले राख्न सकेन । भारत र पाकिस्तानले राख्न दिएनन् । अफगानिस्तानबाट लखेटिनु परिहाल्यो । उत्तरतिर रुसले दिने कुरा भएन । त्यही भएर अमेरिकाको आँखा नेपालमा अडिएको छ ।



नेपालको अस्थिर र परनिर्भर राजनीति अमेरिकाको लागि उपयुक्त पनि छ ।अमेरिकासित मिलेर काम गर्दा नेपाललाई लाभ हुन्छ भन्ने बुद्धिजीवी पनि यहाँ छन् ।

हाम्रा छोराछोरी अमेरिका जान हुने अमेरिकी सेना नेपाल आउन किन नहुने ? भन्ने तर्कशास्त्री पनि यहाँ छन् । भारतलाई साइजमा राख्न अमेरिकी सेना भित्र्याउदा हामीलाई लाभ नै हुन्छ भन्ने वक्ता पनि यहाँ छन् । त्यही भएर अबका दिन संशयले भरिएका छन् ।हाम्रा नेता र बुद्धिजीवीले चाहेपछि अमेरिकन सेना आउन कसैले रोक्न सक्दैन । किनकि त्यसलाई सैन्य कुटनीति र सैन्य सहकार्य भनेर पुष्टि गरिदिने रक्षा विशेषज्ञहरू पनि यहाँ थुप्रै छँदै छन् ।


अमेरिकी सेना बोलाएर सुरक्षित हुन लायायित उदारवादी राजनीतिज्ञहरू संसारमा यत्रतत्र छरिएका छन् । तर स्थापित भएको अमेरिकाको सैन्य व्यारेक बन्द गराएर सेना फर्काउने राष्ट्रपति भने किर्घिजिस्तानका राष्ट्रपति कुर्मान्बेक बाकियेभ मात्रै हुन् । उनले किर्घिजिस्तानको मनास भन्ने ठाउँमा रहेको अमेरिकी वायुसेनाको अड्डालाई सन् २००९ मा हटाएर फिर्ता पठाएका थिए । फलतः आन्दोलन गराएर त्यसको केही महिनापछि कुर्मान्बेक बाकियेभ अपदस्थ गराइएका थिए ।

यो अमेरिकी मनास सैन्य अखाडा २००१ मा प्रजातान्त्रिक राष्ट्रपति अस्कर अकायेभले राख्ने अनुमति दिएका थिए । मनास सैन्य अड्डा हटाएपछि र अफगानिस्तानबाट लखेटिनु परेपछि पश्चिमतिर बाट अमेरिकाको चीनसम्म पहुँच गुमेको छ । नेपालमा सैन्य अड्डा राखियो भने त्यसले चीनको पश्चिमी र दक्षिण पश्चिम सीमा क्षेत्रलाई कभर गर्न सक्छ ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# यो चुनावको परिणामले राष्ट्रियता गम्भीर संकटमा पर्ने देखिन्छ

**❑ सोमन सिंह तामाङ, इञ्चार्ज– क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, काभ्रेपलाञ्चोक**



***तपाईँलाई निर्वाचन बहिष्कारका क्रममा प्रहरीले गिरफ्तार गरेको थियो । कहिले कहाँबाट गिरफ्तार गरिएको थियो ?***

– मलाइ काभ्रेपलान्चोक जिल्ला बनेपाको चैतन्य रोडको एक चिया होटलबाट सिभिल पुलिसले फागुन १३ गते गिरफ्तार गरेको थियो । ६ दिनको हिरासतलाई गैरकानूनी घोषित गरेर सर्वोच्च अदालतले थुनामुक्त गर्न आदेश जारी गरेको थियो । सो आदेश सहितको पत्र बुझी भाइ उजुरमान तामाङलाई जिम्मा बुझेको कागजमा सही गर्न लगाई जिल्ला प्रहरी कार्यालयले छोड्नासाथ सोही प्रहरी कार्यालयको गेट बाहिरबाट फागुन १९ गते साँझ ६ ०० बजेको समयमा गरिफ्तार गरी ईलाका प्रहरी कार्यालय, बनेपामा ल्याई हिरासतमा राखिएको थियो ।

***तपाईँलाई कुन ठाउँको हिरासतमा राखिएको थियो ?***

मलाई कहिले बनेपा कहिले धुलिखेल गरि रातको समयमा ओोहोर दोहोर गरायो ।

***हिरासतमा रहँदा तपाईँप्रतिको प्रहरी प्रशासनको व्यवहार के कस्तो थियो ?***

हिरासत रहँदा प्रहरीले खासै दुर्व्यवहार गरेन झुट्टा मुद्दा लगाउन अनेक प्रपञ्च गरे अहिले पनि जारी छ ।

***हिरासतमा राखिएका अन्य विभिन्न मुद्दामा आएका मानिसहरूसँग पनि भलाकुसारी गर्नुभयो होला । उनीहरूसितको सम्बन्ध सुनाइदिनु न ।***

विभिन्न बिषयमा हिरासत रहेका साथी उहाँहरूका आफ्ना लागेका आरोपहरू जीवनमा घटेका घट्ना बारे छलफल हुन्थ्यो ।उहाँहरूई लागेका आरोपहरू सुन्ने र सुनाउने गर्थ्यो ।त्यहाँ रहेका सबै साथीहरू संबन्ध सौहार्दापूर्ण रहयो । केहीलाई आफूले गरेका कार्यबाट रूपान्तरण गराउन प्रयास गरियो ।कतिपयमा आत्मग्लानी थियो ।

***फागुन २१ गतेको निर्वाचन सम्पन्न पनि भइसक्यो र त्यसको परिणाम पनि आइसकेको छ । यो निर्वाचनलाई सक्षिप्तमा मूल्याङ्कन गर्नुपर्दा के भन्नुहुन्छ ?***

पुरानोको हार नयाँ जित देखियो जनता परिवर्तनको पक्षमा देखिन्छ ।तर यो चुनावको परिणामले राष्ट्रियता गम्भीर संकटमा पर्ने देखिन्छ ।

***क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायतका क्रान्तिकारी पार्टीहरूले अबको दिनमा के कस्ता कार्यक्रमहरू बनाएर जानुपर्छ भन्ने बारेमा तपाईंको विचार के छ ?***

क्रान्तिकारीहरूको लागि अबको दिनहरूमा झनै संकट आई पर्ने देखिन्छ । क्रान्तिकारीहरूले देशको अवस्था आफ्नो शक्ति हेरेर कार्यक्रम बनाउनु पर्दछ । हाम्रो पार्टी जनताबाट टाढिएको छ । जनतासंग जाने ,जनतासंग लिने र दिने माओको जननीतिलाई व्यवहारमा कार्यक्रम बनाएर जनतासंग जानू पर्दछ ।मनोगत योजना र कार्यक्रमले पार्टी उठ्न सक्दैन ,बस्तुगत धरातल र यथार्थलाई सबैले स्वीकार गर्नु पर्दछ, अनि मात्र ठीक कार्यक्रम बनाउन सकिन्छ ।

# राज्य आतंकले विचारलाई निस्तेज गर्न सक्दैन

**❑ रवि पाण्डेय, वैकल्पिक केन्द्रीय सदस्य तथा जिल्ला सेक्रेटरी– क्रान्तिकारी कम्युनिस्ट पार्टी, नेपाल**



***तपाईंलाई निर्वाचन बहिष्कारका क्रममा दुई पटक प्रहरीले गिरफ्तार गऱ्यो । ती गिरफ्तारीका सन्दर्भ र स्थानबारे स्पष्ट पारिदिनुस् न ?***

राज्यले मलाई विचार प्रवाह गरेकै आधारमा दुई पटक नियन्त्रणमा लियो । पहिलो पटक २०८२ फागुन १ गते, ३१औं जनयुद्ध दिवसका अवसरमा जिल्ला सदरमुकाम परासीमा कालो ब्यानर प्रदर्शन गर्दा गिरफ्तार गरियो । त्यतिबेला "हाम्रो नाकै अगाडि किन कालो ब्यानर टाँगेको?" भन्दै प्रहरीले दर्जनौं केरकार गऱ्यो । तर, अग्रज कमरेड प्रेम रिमालको रोहवरमा करिब ३ घण्टाको कडा दबाब र सोधपुछ पछि म रिहा भएँ । दोस्रो पटकको गिरफ्तारी त अत्यन्तै निकृष्ट र आततायी थियो । निर्वाचनको मुखैमा फागुन १८ गते साँझ, म आफ्नै पसलमा जीवनसाथी, साना सन्तान र दर्जनौं ग्राहकहरूका बीचमा हुँदा बिना पक्राउ पुर्जी र बिना खानतलासी पुर्जी, कुनै अपराधीलाई झैं 'अपहरण शैली' मा मलाई त्यहाँबाट उठाइयो । यो १८ गते साँझदेखि २२ गते दिउँसो १२ बजेसम्म करिब ९० घण्टाभन्दा बढी लामो गैरकानुनी हिरासत थियो । कठपुतली सरकारको प्रधानमन्त्रीको ठाडो निर्देशनमा गिरफ्तार गरिएको हुँदा मेरो हिरासत बसाइँ गैर न्यायिक र निकै पेचिलो बन्यो ।

***तपाईँलाई कुन ठाउँको हिरासतमा राखिएको थियो? हिरासतमा रहँदा तपाईँप्रतिको व्यवहार प्रहरी प्रशासनको के कस्तो थियो ?***

मलाई जिल्ला प्रहरी कार्यालय, नवलपरासी (पश्चिम) को हिरासतमा राखिएको थियो । सुरुमा प्रहरीले सामान्य थुनुवा सरह व्यवहार गर्न खोजेको थियो । तर, हाम्रो गिरफ्तारी पूर्णतः गैरकानुनी र मानवअधिकारको उल्लङ्घन भएको भन्दै सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दायर भयो । साथै, नेपाल बार एशोसिएशन, नवलपरासी र जिल्ला पार्टीको आफ्नै सशक्त पहलका कारण प्रहरी प्रशासन अन्ततः मलाई 'राजनीतिक बन्दी' को रूपमा व्यवहार गर्न र मर्यादित वातावरण दिन बाध्य भयो । यो हाम्रो वैचारिक र कानुनी संघर्षको ठूलो विजय थियो ।

***हिरासत अवधिभरि तपाईँको दिनचर्या कसरी बितेको थियो ?***

हिरासतको त्यो ९० घण्टाको समयलाई मैले अध्ययन र वैचारिक निखारको अवसरका रूपमा उपयोग गरेँ । मेरो दिनचर्या टेलिभिजनमा समाचारहरू विश्लेषण गर्ने र चलचित्रहरू हेर्ने मात्र रहेन, बरु गहन अध्ययनमा पनि केन्द्रित भयो । मैले महान दार्शनिक फ्रेडरिक एङ्गेल्सद्वारा लिखित पुस्तकहरू, विशेष गरी क्रान्ति र समाज विकासको चरण सम्बन्धी कृतिहरू र विभिन्न साहित्यका पुस्तकहरू अध्ययन गरेर समय बिताएँ । त्यहाँ आपराधिक पृष्ठभूमिका बन्दीहरू नगन्य जस्तै थिए, जसले गर्दा मलाई अध्ययन र छलफलका लागि शान्त वातावरण मिल्यो ।

***हिरासतमा राखिएका अन्य विभिन्न मुद्दामा आएका मानिसहरूसँग पनि भलाकुसारी गर्नुभयो होला । आखिर हिरासत समाजकै एउटा प्रतिबिम्ब हुन्छ, त्यसबारे पनि सुनाइदिनुस् न ?***

चर्को दबाब पछि हिरासतमा प्रहरीले मलाई छुट्टै बस्नका लागि आग्रह पनि गरेको थियो । मलाई ती अन्य युवा माझ बस्न सहज लाग्यो । त्यहाँ निर्वाचनका क्रममा उम्मेदवार कुटेर आएका र साम्राज्यवादद्वारा प्रायोजित निर्वाचनका उम्मेदवारका पर्चा तथा ब्यानरहरू जलाएको अभियोगमा थुनामा परेका थुप्रै युवाहरू थिए । ती युवाहरूलाई सही मार्गनिर्देशन गर्न र उनीहरूको विद्रोहलाई वैचारिक धार दिन मलाई उचित लाग्यो । हिरासतमा रहँदा मलाई केही शारीरिक समस्या आउँदा समेत ती युवाहरूले देखाएको सद्भाव र मेरो स्वास्थ्यप्रति राखेको ख्याल साँच्चै सम्झनलायक छ । उनीहरूको आत्मीयताले मलाई यो व्यवस्थाका विरुद्ध लड्न थप ऊर्जा प्रदान गऱ्यो ।

***फागुन २१ गतेको निर्वाचन सम्पन्न भई त्यसको परिणाम पनि आइसकेको छ । यो निर्वाचनलाई सक्षिप्तमा मूल्याङ्कन गर्नुपर्दा के भन्नुहुन्छ ?***

यो निर्वाचन केवल 'दलाल संसदीय व्यवस्थाको नौटंकी' हो । मेरो विश्लेषणमा हाम्रो जिल्लामा ४९ प्रतिशतभन्दा बढी मत खसेको छैन र त्यसमा पनि करिब ६ प्रतिशत मत बदर भएको छ । अघिल्लो निर्वाचनको तुलनामा यो निकै कम सहभागिता हो । तर विडम्बना के छ भने, साम्राज्यवादले विभिन्न अल्गोरिदम प्रयोग गरेर जनतामा ठूलो उत्साह छाएको र धेरै मत खसेको झुटो दाबी गरिरहेको छ । हामीलाई ९० घण्टाभन्दा बढी थुनेर राज्यले जुन प्रहसन रच्यो, त्यसले नवलपरासीका आधारभूत जनताका समस्या हल गर्न सक्दैन । जबसम्म यो दलाल व्यवस्था फेरिँदैन, तबसम्म जनताको अवस्था फेरिन्छ भन्नु केवल हास्यास्पद कुरा मात्र हो ।

***क्रान्तिकारी कम्युनिस्ट पार्टी, नेपाल लगायतका क्रान्तिकारी पार्टीहरूले अबको दिनमा के कस्ता कार्यक्रमहरू बनाएर जानुपर्छ भन्ने तपाईंको सुझाव छ?***

दलाल व्यवस्था विरुद्ध लागेका क्रान्तिकारीहरू ध्रुवीकृत हुन अब ढिलाइ गर्नुहुँदैन । संयुक्त संघर्ष समितिमा आबद्ध क्रान्तिकारी पार्टीहरूबीच तत्काल एकता प्रक्रिया अगाडि बढाउनुपर्छ । नयाँ जनवादी क्रान्तिको खुड्किलो पार गर्दै देशलाई वैज्ञानिक समाजवादतर्फ लैजाने जुझारु र प्रतिरोधी कार्यक्रमहरू ल्याउनुपर्छ । राष्ट्रिय स्वाधीनताको रक्षाका लागि एउटा बलियो साम्राज्यवाद विरोधी मोर्चा बनाएर सबैभन्दा पहिला वैदेशिक हस्तक्षेपको विरुद्ध संघर्ष केन्द्रित गर्नुपर्छ । अबको हाम्रो बाटो सम्झौताहीन जनसंघर्षको बाटो हो त्यसैले पार्टीको आन्तरिक शक्तिलाई दृढ र सुदृढ गर्नुपर्छ ।

# जनताको समस्या पहिचान गरेर अगाडि बढ्नु पर्छ

**❑ मन बहादुर वली, सचिव– क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, तुल्सीपुर नगर समिति, दाङ**



***तपाईँलाई निर्वाचन बहिष्कारका क्रममा प्रहरीले गिरफ्तार गरेको थियो । कहिले कहाँबाट गिरफ्तार गरिएको थियो ?***

हजुर ,उम्मेदवारी फिर्ता गर्नुस भनेर उम्मेदवारहरूलाई अनुरोध -चिठी बाडेको निहुमा फागुन १२ गत्ते मलाई तुल्सीपुर मेरो पसलबाट गिरफ्तार गरेको हो ।

***तपाईँलाई कुन ठाउँको हिरासतमा राखिएको थियो?***

डि. एस .पि .ले सोधपुछ गर्ने कुरा छ भनेर लिएर तुलसीपुर ईलाका प्रहरी हिरासतमा राखेको थियो ।

***हिरासतमा रहँदा तपाईँप्रतिको प्रहरी प्रशासनको व्यवहार के कस्तो थियो?***

हिरासतमा प्रहरीको ब्यबहार खासै त्यति नराम्रो थिएन तर मलाई भेटन गएको बेला छोरासित अलि नराम्रो ब्यबहार गरेको थियो ।

***हिरासत अवधिभरि तपाईँको दिनचर्या कसरी बितेको थियो ?***

हिरासतमा रहदासम्म दिनहरू एकदम कष्टकर ढंगले वित्यो । खाना दाल ,भात, तरकारी थियो । बिहानको खाना ९ देखि १० बजे भित्रमा खुवाउथ्यो भने बेलुकाको खाना ५देखि ६ बजे खुवाउथ्यो ।

***हिरासतमा राखिएका अन्य विभिन्न मुद्दामा आएका मानिसहरूसँग पनि भलाकुसारी गर्नुभयो होला । उनीहरूसितको सम्बन्ध सुनाइदिनु न ।***

बिभिन्न मुद्दामा आएका मानिसहरू सग केही कुरा भयो तर हिरासतमा खास गरी लुटपाट, चोरी डकैती वाला र भाङ ब्राउन, सुगरवाला हुन्थे, उनीहरूसँग खास त्यति कुरा भएन ।

***फागुन २१ गतेको निर्वाचन सम्पन्न पनि भइसक्यो र त्यसको परिणाम पनि आइसकेको छ । यो निर्वाचनलाई संक्षिप्तमा मूल्याङ्कन गर्नुपर्दा के भन्नुहुन्छ?***

फागुन २१ गतेको निर्वाचन त सम्पन्न भयो तर यसको कार्यकाल हेर्न बाकी छ र सँगसँगै यो निर्बाचनबाट जुन परिणाम आएको छ, त्यो खासगरी पुराना दलहरू प्रतिको जनताको दिगदारीपनाको परिणाम हो भन्ने लाग्छ ।

***क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायतका क्रान्तिकारी पार्टीहरूले अबको दिनमा के कस्ता कार्यक्रमहरू बनाएर जानुपर्छ भन्ने बारेमा तपाईंको विचार के छ ?***

अबका दिनमा क्रान्तिकारी पार्टीले ,नया अनुसन्धान गरेर जनताको भावनाको कदर गर्दै प्रत्यक्ष जनताको समस्याको पहिचान गरेर अगाडि बढ्नु पर्छ,नत्र कसैको कल्याण हुने छैन ,देश अझ रोग, भोक र समस्याको रसातलमा भासिने सम्भावना छ ।

## साम्राज्यवादी....

शक्ति (सैन्य र आर्थिक शक्ति) र नरम शक्ति (कूटनीतिक शक्ति र सांस्कृतिक साम्राज्यवाद) दुवैको प्रयोग गरिन्छ-आफ्नो मार्फत् शक्ति कायम राख्नु र विस्तार गर्नु हो। साम्राज्यवाद प्रभुत्व स्थापना गर्न वा कायम राख्न र औपचारिक साम्राज्य विस्तार गर्नमा केन्द्रित रहन्छ। साम्राज्यवाद भन्नाले यस्तो नीति वा विचारधारालाई बुझाउँछ जहाँ एउटा राष्ट्रले उपनिवेशवाद, सैन्य शक्ति, वा अन्य भौगोलिक क्षेत्र र जनतामाथि आर्थिक तथा राजनीतिक प्रभुत्वमार्फत् आफ्नो शक्ति र प्रभाव विस्तार गर्दछ। यो आधुनिक संसारलाई आकार दिनमा, विशेष गरी १६औं शताब्दीदेखि २० औं शताब्दीको मध्यसम्म, एक प्रमुख शक्ति रहेकोछ।

***साम्राज्यवादका ऐतिहासिक उदाहरणहरू***

१.युरोपेली उपनिवेशवाद (१६औं-२०औं शताब्दी)ः ब्रिटिश साम्राज्य (जसमा सूर्य कहिल्यै अस्ताउँदैनथ्यो), फ्रान्सेली उपनिवेशवादी साम्राज्य, अमेरिका, अफ्रिका र एसियामा स्पेनिश र पोर्चुगिज साम्राज्यहरू। २. अमेरिकी साम्राज्यवाद (१९औं शताब्दीको उत्तरार्ध-२०औं शताब्दी)ः फिलिपिन्स, पुयर्टोरिको, ग्वाममा विस्तार र ल्याटिन अमेरिकामा प्रभाव। ३. जापानी साम्राज्यवाद (१९औं शताब्दीको उत्तरार्ध-२०औं शताब्दीको मध्य)ः कोरिया, ताइवानको उपनिवेशीकरण र पूर्वी एसियाभरि विस्तार। ४. सोभियत साम्राज्यवाद (शीतयुद्धको युग)ः पूर्वी युरोप र अन्य समाजवादी राज्यहरूमाथि राजनीतिक र सैन्य प्रभुत्व।

***साम्राज्यवादका ऐतिहासिक र समकालीन प्रकटीकरण***

१.शास्त्रीय युग (सन् १८७०-१९४५)ः अफ्रिकाको दौड (१९ औं शताब्दीको अन्त्यतिर, विशेष गरी सन् १८८० देखि सन् १९०० को दशकको सुरुवातसम्म युरोपेली शक्तिहरूद्वारा अफ्रिकी क्षेत्रमा द्रुत आक्रमण, उपनिवेशीकरण र विभाजनलाई जनाउँछ), दुईवटा विनाशकारी विश्वयुद्धहरू र महामन्दीलाई अन्तर-साम्राज्यवादी प्रतिद्वन्द्वीताका प्रत्यक्ष परिणामहरूद्वारा चिनिन्छ। २. शीतयुद्धको युग (सन् १९४५-१९९१)ः नव-उपनिवेशवादले प्रत्यक्ष औपनिवेशिक शासनलाई प्रतिस्थापन गर्यो। संकटहरू छद्म युद्धहरू, दक्षिण गोलार्द्धमा ऋण संकट र आणविक विनाशको खतरा मार्फत् प्रकट भए। ३. समकालीन युग (सन् १९९१-अहिले सम्म) : (क) एकध्रुवीय प्रभुत्व र अनन्त युद्ध-अमेरिकी नेतृत्वको 'आतंकवाद विरुद्धको युद्ध' खुला अन्त्य नहुने साम्राज्यवादी हस्तक्षेपको एक रूप। (ख) प्रतिद्वन्द्वी शक्तिहरूको उदयः भू-राजनीतिक तथा आर्थिक प्रभावको एक प्रतिस्पर्धी मोडेलको रूपमा चीनको बेल्ट एन्ड रोड इनिसिएटिभ। (ग) प्रणालीगत पतनः सन् २००८ को वित्तीय संकट (मुख्य केन्द्रमा उत्पन्न भएको), सामूहिक आप्रवासनका संकटहरू (प्रायः साम्राज्यवादद्वारा अस्थिर पारिएका क्षेत्रहरूबाट) र अमेरिकी प्रभुत्वलाई बहु-मोर्चागत चुनौती।

***साम्राज्यवादका मुख्य विशेषताहरू***

१. क्षेत्रीय विस्तारः विदेशी भूमिमा प्रत्यक्ष नियन्त्रण वा वस्ती स्थापना, जसलाई प्रायः जातीय, सांस्कृतिक, वा प्राविधिक श्रेष्ठताको विचारद्वारा सही ठहराइन्छ। २. आर्थिक शोषणः साम्राज्यवादी शक्तिको फाइदाको लागि उपनिवेशित क्षेत्रहरूबाट स्रोत साधन, श्रम, र बजारको दोहन। ३. राजनीतिक प्रभुत्वः उपनिवेशित जनतामाथि प्रायः उनीहरूको सहमति बिना शासन प्रणाली, कानून र प्रशासन लाद्नु। ४. सांस्कृतिक साम्राज्यवादः उपनिवेशित समाजहरूमा भाषा, धर्म, शिक्षा र सांस्कृतिक मान्यताहरू लाद्नु जसले गर्दा स्वदेशी संस्कृतिहरू कमजोर हुन्छन्। ५. सैन्य बलः विजय प्राप्त गर्न, नियन्त्रण गर्न र प्रतिरोधलाई दमन गर्न सशस्त्र बलको प्रयोग।

***साम्राज्यवादका प्रभाव र परिणामहरू***

१. उपनिवेशित क्षेत्रहरूमा- (क) शोषणः स्रोत साधनको कमी, जबरजस्ती श्रम, आर्थिक परनिर्भरता। (ख) सांस्कृतिक व्यवधानः भाषा, परम्परा र पहिचानको क्षति। (ग) स्वेच्छाचारी सिमानाहरूः साम्राज्यवादी शक्तिहरूद्वारा खिचिएका सीमा, जसले दीर्घकालीन जातीय द्वन्द्व निम्त्यायो (जस्तै, अफ्रिका र मध्य पूर्वमा)। (घ) प्रतिरोध र राष्ट्रवादः उपनिवेशवाद-विरोधी आन्दोलनहरू अन्ततः स्वतन्त्रता संग्राममा परिणत भए। २. साम्राज्यवादी शक्तिहरूका सम्बन्धमा- आर्थिक समृद्धि, विश्वव्यापी प्रभाव तर महंगो युद्ध र लोकतान्त्रिक आदर्शहरूसँगको नैतिक विरोधाभास पनि रहेकोछ। ३. विश्वव्यापी विरासत- (क) असमानताः निरन्तर वैश्विक आर्थिक विभाजन (उत्तरी विश्व विरूद्ध दक्षिणी विश्व)। (ख) सांस्कृतिक आदानप्रदानः प्रायः जबरजस्ती लादिएका भाषाहरू (जस्तै, अंग्रेजी, स्पेनिश र फ्रेन्च), धर्महरू र संस्थाहरूको प्रसार। (ग) राजनीतिक अस्थिरताः उपनिवेशोत्तर द्वन्द्व, अधिनायकवादी शासन र परनिर्भरतामूखी सम्बन्धहरू। ४. भू-राजनीतिक रणनीतिः सैन्य वा राजनीतिक फाइदाको लागि रणनीतिक क्षेत्रहरूमा नियन्त्रण (जस्तै, स्वेज नहरमा बेलायती र पनामा नहरमा अमेरिकाको नियन्त्रण)।

***साम्राज्यवादका संकटहरू***

साम्राज्यवादका संकटहरू सम्बन्धी अवधारणा एक आलोचनात्मक रूपरेखा हो जुन प्रायः मार्क्सवादी- लेनिनवादी विश्लेषणमा आधारित रहेको हुन्छ, जसले पुँजीवादी विकासको साम्राज्यवादी चरणमा अन्तर्निहित बारम्बार दोहोरिने प्रणालीगत अन्तर्विरोधहरू र असफलताहरूलाई वर्णन गर्ने गर्दछ। यी संकटहरू पृथक घटनाहरू होइनन् बरु दीर्घकालीन र अन्तरसम्बन्धित घटनाहरू हुन्, जसले विश्वव्यापी स्तरमा द्वन्द्व, शोषण, र अस्थिरतालाई बढावा दिन्छन्। यहाँ यी संकटहरूका ऐतिहासिक र सैद्धान्तिक दृष्टिकोणहरूबाट संश्लेषण गरिएका मुख्य आयामहरू प्रस्तुत गरिएकाछन् :

१. आर्थिक संकटः अतिसंचयको प्रवृत्ति- (क) नाफाको घट्दो दरः आफ्नो देशमा गतिहीनता र नाफाको संकुचन सामना गरिरहेका पुँजीपतिहरूले विदेशमा पुँजी निर्यात, प्रत्यक्ष लगानी र उपनिवेश तथा नव-उपनिवेशहरूबाट स्रोतहरूको दोहन गरेर र अतिरिक्त मूल्य मार्फत् उच्च प्रतिफल खोज्दछन्। (ख) अति-उत्पादन र कम-खपतः साम्राज्यवादले विदेशी बजारहरू (वस्तुहरू बेच्नका लागि) र भौगोलिक क्षेत्रहरू (पुँजी लगानी गर्नका लागि) नियन्त्रण गरेर अतिरिक्त वस्तु र पुँजीको समस्या समाधान गर्न खोज्दछ। यसले आर्थिक प्रभाव क्षेत्रका लागि साम्राज्यवादी शक्तिहरूबीचमा तीव्र प्रतिद्वन्द्वीतालाई अगाडि बढाउँछ। (ग) वित्तीयकरणः उत्पादनशील लगानीमा गत्यावरोध आउने हुनाले साम्राज्यवाद परभक्षी वित्तीय पुँजी–ऋण, सट्टेबाजी र अधीनस्थ राष्ट्रहरूमा मितव्ययिता लागू गर्ने संरचनात्मक समायोजन कार्यक्रमहरू–द्वारा बढी विशेषतायुक्त बन्दै जान्छ।

२. भूराजनीतिक र सैन्य सङ्कटः अन्तरसाम्राज्यवादी प्रतिद्वन्द्विता र युद्ध- (क) स्रोत र बजारको लागि प्रतिस्पर्धाः पुँजीवादी राज्यहरूको असमान विकासले रणनीतिक स्रोतहरू (तेल, खनिज, व्यापार मार्गहरू) माथि नियन्त्रणको लागि तीव्र प्रतिस्पर्धालाई अगाडि बढाउँछ। यो प्रतिद्वन्द्विता-जुन लेनिनको सिद्धान्तको एक मुख्य आधार हो- लाई द्वन्द्वको एक अपरिहार्य कारणको रूपमा हेरिन्छ। (ख) सैन्यवादः साम्राज्यवादले व्यापार मार्गहरू सुरक्षित गर्न र लगानीको रक्षाका लागि असहयोगी सरकारहरूलाई सत्ताचुत गर्न र प्रतिद्वन्द्वीहरूलाई तर्साउन एक विशाल सैन्य संयन्त्रमा भर पर्दछ। यसको परिणामस्वरूप स्थायी युद्ध-अर्थतन्त्र र क्षेत्रीय द्वन्द्वहरू (जस्तै, मध्य पूर्व/पश्चिम एशिया, अफ्रिका, ल्याटिन अमेरिका, पूर्वी यूरोप) अगाडि आउँछन्। (ग) प्रमुख शक्तिहरूबीचको द्वन्द्वको खतराः शीतयुद्धपछिको युगमा एउटा मात्र प्रभुत्वशाली शक्ति (अमेरिका) रहेको भएतापनि नयां शक्तिहरू (जस्तै चीन) को उदयले महाशक्तिहरूबीचको प्रतिद्वन्द्विताको एउटा स्वरूपलाई पुनः स्थापित गरिरहेको छ त्यसले गर्दा द्वन्द्वका केन्द्रहरू (जस्तै, दक्षिण चीन सागर, युक्रेन) सिर्जना भइरहेका छन्, जसले गर्दा ठूलो द्वन्द्वको जोखिम बढाएकोछ।

३. राजनीतिक र वैधताको संकटः प्रतिरोध र प्रभुत्वको पतन- (क) साम्राज्यवाद-विरोधी राष्ट्रिय मुक्ति आन्दोलनहरूः ऐतिहासिकरूपमा (भियतनाम, अल्जेरिया आदि) र अहिले चलिरहेका (प्यालेस्टाइन, अफ्रीकी साहेल (१) क्षेत्र आदि) संघर्षहरूले प्रत्यक्ष रूपमा साम्राज्यवादी प्रभुत्वलाई प्रत्यक्ष्य चुनौती दिन्छन् जसले गर्दा साम्राज्यवादी स्रोतहरू र नैतिक अधिकारलाई कमजोर बनाउँदछ। (ख) 'उदार अन्तर्राष्ट्रिय व्यवस्था' को क्षयीरणः साम्राज्यवादी हितहरूको आवरणकोरूपमा मुख्यतया पश्चिमी शक्तिहरूद्वारा निर्माण गरिएको नियममा आधारित प्रणालीलाई बढ्दो रूपमा चुनौती दिइएकोछ। आईएमएफ र विश्व बैंक जस्ता संस्थाहरूमाथि नव-औपनिवेशिक नीतिहरू लागू गरेको आरोप लगाइएको छ। (ग) घरेलु राजनीतिक विभाजनः मुख्य साम्राज्यवादी राष्ट्रहरूभित्रको विश्वव्यापी पुँजीलाई फाइदा पुर्याउने नीतिहरूलेगर्दा प्रायः औद्योगिकीकरणमा कमी, असमानता, र सामाजिक पतनलाई निम्त्याउँछन्, जसले विदेश नीतिमा अभिजात वर्गको सहमतिलाई कमजोर पार्ने लोकप्रियतावादी र हस्तक्षेप-विरोधी प्रतिक्रियाहरूलाई बढावा दिन्छन्।

४. पारिस्थितिक सङ्कटः साम्राज्यवादी जीवनशैली- (क) वातावरणीय लागतको बाह्यकरणः साम्राज्यवादले दोहनकारी उद्योगहरू, विषाक्त फोहोर थुपार्ने (डम्पिङ) र प्रदूषणकारी उद्योगहरू गरिब राष्ट्रहरूका लागि आरक्षित गर्ने माध्यम मार्फत दक्षिणी विश्वमा पारिस्थितिक विनाशको स्थानान्तरणलाई सहजीकरण गर्दछ। (ख) जलवायु परिवर्तन एक साम्राज्यवादी सङ्कटको रूपमाः औद्योगिकीकृत साम्राज्यवादी केन्द्रहरूको ऐतिहासिक र वर्तमान कार्वन उत्सर्जनले जलवायु परिवर्तन निम्त्याएकोछ जसको अत्यन्तै खराब असर सबैभन्दा बढी शोषित राष्ट्रहरूले भोगिरहेका छन्। यसले 'जलवायु न्याय' र 'जलवायु उपनिवेशवाद' का नयाँ रूपहरू (जस्तै हरित ऊर्जाको लागि जमिन कब्जा) का मुद्दाहरू सिर्जना गर्दछ। (ग) स्रोतका लागि गरिने युद्धहरूः पारिस्थितिकीय विघटनले गर्दा हुने अभावले पानी, खेतीयोग्य जमिन र ऊर्जाको लागि प्रतिस्पर्धालाई तीव्र बनाउँछ जसले गर्दा यी स्रोतहरू सुरक्षित गर्न नयाँ साम्राज्यवादी रणनीतिहरू तर्फ डोर्याउँछ (उदाहरणका लागि, भेनेजुएला, ग्रिनल्यान्ड आदि)।

५. वैचारिक संकटः सभ्य बनाउने अभियानको असफलता- साम्राज्यवादका वैधानिक वृतान्तहरूलाई (जस्तै- लोकतन्त्र, सभ्यता वा विकास गरिदिने) तानाशाहहरूको समर्थन, योजनावद्ध सत्ता पलट, विनाशकारी युद्धहरू ( जस्तै इराक, अफगानिस्तान, सिरिया, लिबिया आदि) र तीव्र विश्वव्यापी असमानताको वास्तविकताले बारम्बार कमजोर पारेकोछ। यसले गर्दा नरम शक्ति (सफ्ट पावर) लाई कमजोर पार्दछ र गठबन्धन बनाउन कठिन तुल्याउँछ।

***साम्राज्य पतनका चरणहरू***

सात चरणको सिद्धान्तः साम्राज्य पतनका सात चरणहरूको सबैभन्दा प्रसिद्ध खाका ब्रिटिश सैन्य अधिकारी तथा लेखक सर जोन ग्लब (सन् १८९७-१९८६) ले अगाडि ल्याएका हुन्। उनले प्रस्तुत गरेको विश्लेषण अनुसार प्राचीन अस्सिरिया (२) देखि आधुनिक बेलायतसम्मका धेरै साम्राज्यहरू सबैले तल उल्लेखित विभिन्न चरणहरू पार गर्दै लगभग २५० वर्षको जीवनचक्र बिताउँछन्। ग्लबले प्रस्तुत गरेका सात चरणहरूको विवरण यसप्रकार रहेकाछन् : १. अगुवाहरू (पायोनियर) को युग-विशेषताहरूः प्रारम्भिक विस्तार, अन्वेषण र जोखिम मोल्ने। बलिया नेताहरूद्वारा समाजको अगुवाई, कर्तव्यपालनको भावना र दृढता। २. विजयको युग- विशेषताहरूः सैन्य विस्तार र भू-भागमाथि विजय। साम्राज्यले आफ्नो शक्तिलाई प्रायः बल प्रयोग गरेर सुदृढ पार्दछ। ३. व्यापार वाणिज्यको युग- विशेषताहरूः व्यापार, पूर्वाधार र नवप्रवर्तन मार्फत् सम्पत्ति सिर्जना गर्नमा ध्यान जान्छ। साम्राज्यले बढ्दो समृद्धि प्राप्त गर्दछ। ४. समृद्धिको युगः नौतीहरूको सामना गर्न समस्या समाधानका पुराना विधिहरूमा अडिइरहन सक्छन् जुन असफल हुने गर्दछन्। ५. बौद्धिकताको युग- विशेषताहरूः धनले शैक्षिक र कलात्मक गतिविधिहरूलाई सहयोग गर्दछ। विडम्बनापूर्ण रूपमा यसले बौद्धिक संशयवादलाई निम्त्याउन सक्दछ जसले साम्राज्यको स्थापनाकालीन आदर्श र अधिकारमाथि प्रश्न उठाउँछ र त्यसलाई कमजोर बनाउँदछ। ६. पतनको युग- मुख्य सूचकहरूः यो महत्वपूर्ण चरण रक्षात्मकता, निराशावाद, भौतिकवाद र तुच्छताद्वारा चिह्नित हुन्छ। सार्वजनिक कर्तव्यपालनको भावनामा कमी, पैसाप्रतिको प्रेम र सुखको खोजी बढ्दछ। ग्लब ले उल्लेख गरेअनुसार जब अगुवाहरू र निर्माताहरूभन्दा बढी चर्चित व्यक्ति र खेलाडीहरू मुख्य सांस्कृतिक नायक बन्दछन् तब साम्राज्य संकटमा पर्दछ। ७. पतन र विनाशको युग- विशेषताहरूः अन्तिम चरणमा बढ्दो असमानता, सामाजिक विघटन, साझा उद्देश्यको ह्रास र अन्ततः साम्राज्यको संरचनाको पतन जस्ता कुराहरू समावेश हुन्छन्।

अन्य दृष्टिकोणहरूः ग्लबका सात चरणहरू प्रमुख भए तापनि अन्य विद्वान तथा टिप्पणीकारहरूले साम्राज्यहरू किन पतन हुन्छन् भन्ने बारेमा विभिन्न मोडेल (नमूना) र दृष्टिकोणहरू प्रस्तुत गरेकाछन्ः १. पांच-चरण मोडेल- ब्रिटिश रणनीतिकार डेभिड मुरिन (सन् १९६३-) ले क्षेत्रीयकरण, साम्राज्यको उदय, परिपक्वता, अतिविस्तार र पतन-विरासतको चक्रको रूपरेखा प्रस्तुत गर्छन्। उनले अन्तिम चरणहरू संरक्षणवाद, सामाजिक विखण्डन र कर्तव्यपालनमा भन्दा नागरिकका अधिकारमा ध्यान केन्द्रित हुन्छ भन्ने कुरामा जोड दिन्छन्। २. मुद्राकेन्द्रित सात चरण मोडेल- वित्तीय टिप्पणीकार माइक मलोनी (१९५५-) ले मुद्राको स्वास्थ्यमा केन्द्रित चरणहरू प्रस्ताव गर्छन् जसमा राम्रो मुद्रा, सार्वजनिक कार्य, सैन्य विस्तार र निरन्तर युद्ध हुँदै मुद्राको अवमूल्यन, विश्वासको ह्रास र अन्ततः मुद्रा संकटसम्म पुग्ने कुरा उल्लेख गरेका छन्। ३. जटिल प्रणालीगत कारणहरूः प्राज्ञिक अनुसन्धानले साम्राज्यको पतन विरलै कुनै एक कारणले मात्र हुदैन बरु एकआपसमा जोडिएका साझा कारकहरू सम्मिलित भएका हुन्छन् भन्ने कुरा सुझाउँछ। जस्तै- (क) जलवायु परिवर्तन र प्राकृतिक विपत्तिहरू (उदाहरणका लागि अक्कादियन साम्राज्य (३) को पतनमा योगदान पुर्याउने खडेरी)। (ख) वातावरणीय क्षय र स्रोतहरूको कमी। (ग) सामाजिक-आर्थिक असमानता र राजनीतिक भ्रष्टाचार। (घ) आन्तरिक सामाजिक द्वन्द्व र एकताको कमी।

***अमेरिकी साम्राज्यवादको पतनोन्मुख अवस्था***

आधुनिक युगमा विश्व साम्राज्यवादको एकल नाइकेको रूपमा संयुक्त राज्य अमेरिका रहँदै आएकोछ। दोस्रो विश्वयुद्ध (सन् १९३९-१९४५) मा जर्मनी र जापानका विरुद्ध मिलेर लडेका तत्कालीन सोभियत संघ र संयुक्त राज्य अमेरिका जर्मनी र जापानको पराजय भएपछि विश्व महाशक्तिको रूपमा अगाडि आए र अमेरिका ३२ औं राष्ट्रपति फ्र्याङ्कलिन रुजवेल्ट सन् (१८४५-१९४५) को पहलमा सन् १९४५ मा संयुक्त राष्ट्र संघको स्थापना भएको थियो र अमेरिका, चीन, फ्रान्स रुस र बेलायत संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्का स्थायी सदस्य (निषेध्याज्ञा प्राप्त राष्ट्र) बनेका थिए। तर दोस्रो विश्वयुद्धको समापन पश्चात तत्कालीन सोभियत संघ र संयुक्तराज्य अमेरिकाको बिचमा प्रतिस्पर्धा प्रारम्भ भयो र समग्र विश्व दुई ध्रुवमा बाँडिन पुग्यो त्यसको परिणामस्वरूप सन् १९४७ मा दुई महाशक्तिहरूका बीचमा शितयुद्ध (कोल्ड वार) को शुरुआत भयो। त्यसपछि सन् १९४९ मा अमेरिकाको नेतृत्वमा उत्तर एटलान्टिक सन्धि संगठन (नर्थ एटलान्टिक ट्रिटी अर्गनाइजेशन-नेटो) र सन् १९५५ मा सोभियत संघको नेतृत्वमा वार्सा सम्झौता (ट्रिटी अफ फ्रेन्डशिप, कोअपरेशन एन्ड म्युचुअल असिस्टेन्स) गठन भयो र दुईवटा प्रतिस्पर्धी सैन्य गठबन्धनहरू अस्तित्वमा आएका थिए। यी दुई महाशक्तिहरूकाबीचमा करिब पांच दशकसम्म निरन्तर चलेको शितयुद्ध सन् १९९१ मा सोभियत संघको विघटन भएपछि टुङ्गियो र अमेरिका विश्वको एक मात्र महाशक्तिको रूपमा कायम रह्यो।

त्यसपछि विश्व पुनः एक ध्रुवमा परिणत भयो र अमेरिकी साम्राज्यवादले विश्वभर आफ्नो एकलौटी प्रभुत्व र हैकम चलाउँदै आयो। त्यस दौरानमा अमेरिकाले आफुलाई विश्वको प्रहरिकोको रूपमा उभ्यायो र त्यस प्रयोजनका लागि विभिन्न ८० देशहरूमा ७५० हाराहारी सैन्य आधार शिविरहरू कायम राख्दै आएकोछ। तर सन् २००८ मा अमेरिकामा आएको आर्थिक संकट (मन्दी) को कारण अमेरिकाको विश्वव्यापि वर्चस्वमा ह्रास आउन शुरुवात भयो। सन् २०१६ मा भएको अमेरिकी राष्ट्रपतीय निर्वाचनको दौरानमा रिपब्लिकन पार्टीको तर्फबाट राष्ट्रपति बनेका डोनाल्ड ट्रम्ले राष्ट्रवाद र संरक्षणवादको पक्षपोषण गर्दै अमेरिका पहिलोको नीति अन्तर्गत अमेरिकालाई फेरि महान बनाऔं भन्ने नारा दिएर चुनाव जितेका थिए। त्यसैगरी आप्रवासीहरूलाई देश निकाला गर्ने र दक्षिणी छिमेकी देश मेक्सिकोसँगको सिमानामा पर्खाल लगाउने कार्य अगाडि बढाए भने अमेरिकाको प्रमुख व्यापार साझेदार चीनबाट आयात हुने सामानहरूमाथि उच्च भन्सार शुल्क लगाएर चीनको विरुद्ध भन्सार युद्ध शुरु गरेका थिए। सन् २०२० मा डेमोक्रेटिक पार्टीको तर्फबाट राष्ट्रपति निर्वाचित भएका जोहन बाइडेनले पनि चीनको विरुद्ध भन्सार युद्ध कायमै राखेका थिए। सन् २०२४ मा डोनाल्ड ट्रम्प पुनः दोस्रो पटक राष्ट्रपति निर्वाचित भएपछि आफ्ना आफ्ना मित्र तथा सहयोगी देशहरूलाई समेत व्यापक भन्सार लगाउँदै आएका छन्।

एक्काइसौं शताब्दीको शुरुवातदेखि नै नयाँ आर्थिक तथा सैन्य शक्तिको रूपमा चीनको उदय हुँदै जानु र चीनको पहलमा आर्थिकरूपमा उदीयमान देशहरू ब्राजिल, रुस, भारत र दक्षिण अफ्रिका समावेश रहेको संगठन ब्रिक्स गठन हुनु र अझ पछिल्लो समय अन्य देशहरू संलग्न हुँदै जानुले अमेरिकाको विश्वव्यापी एकल वर्चस्व कमजोर हुँदै गएकोछ। त्यसको परिणामस्वरूप विश्व आर्थिक, प्राविधिक र सैन्य क्षमताका आधारमा बहुध्रुवीय हुँदै गएकोछ। अहिले अमेरिकाले चीनलाइ आफ्नो प्रमुख प्रतिद्वन्दिको रूपमा मान्दछ र चीनलाई घेराबन्दी गर्नका लागि सन् २००७ मा अमेरिकाको अगुवाइमा अस्ट्रेलिया, भारत र जापान समावेश भएको चौपक्षीय सुरक्षा संवाद (क्वाड्रिलेटलर सेक्युरिटि डायलग-क्वाड) को निर्माण गरेकोछ। त्यसैगरी सन् २०१७ मा एशिया-प्रशान्त रणनीति (इन्डो-प्यासिफिक स्ट्राटेजी) लाई कार्यान्वयनमा ल्याएकोछ भने सन् २०२१ मा अमेरिका, वेलायत र अस्ट्रेलिया सम्मिलित रहेको अउकस गठन गरेकोछ। हालसालै सन् २०२६ जनवरी ७ तारिखमा अमेरिकाले ६६ वटा विश्व मन्च र संस्थाहरू-जसमध्ये ३१ वटा संयुक्त राष्ट्र संघ अन्तर्गतका रहेका छन् र ३५ वटा गैर राष्ट्र संघीय रहेकाछन्–लाई अमेरिकाको राष्ट्रिय हित विपरीत सन्चालन भएको आराप लगाउँदै ती संस्थाहरूबाट अलगिने घोषणा गरेकोछ। यी सबै तथ्य र कारणहरूबाट अब अमेरिका एकल महाशक्तिको रूपमा रहन सक्ने अवस्था रहेको छैन र त्यो पतनोन्मुख दिशामा अगाडि बढिरहेकोछ भन्ने देखाउँछन्।

***संक्षिप्त निष्कर्ष***

यस प्रकारको विश्लेषणात्मक दृष्टिकोणबाट हेर्दा के निष्कर्ष अगाडि आउँछ भने साम्राज्यवाद कुनै नीतिगत विकल्प होइन बरु यो त पुँजीवादको एक प्रणालीगत चरण मात्र हो। त्यसैले यसका संकटहरू स्थायी र चक्रीय प्रकारका हुन्छन् जसको रूप त बदलिन्छ तर सार भने बदलिँदैन। तिनीहरूले शोषण, युद्ध र पारिस्थिति विनाश जन्माउँछन् र साथसाथै प्रतिरोध (राष्ट्रिय मुक्तिदेखि मजदुरहरूको संघर्ष र जलवायु न्याय आन्दोलनसम्म) लाई पनि जन्माउँछन्, जुन ऐतिहासिकरूपमा प्रणालीगत परिवर्तन गराउन वा साम्राज्यवादीहरूलाई पछि हट्न बाध्य पार्न सक्ने एकमात्र शक्ति बनेको छ। यसप्रकारको अवस्थामा साम्जयवादले जन्माएका संकटहरूको समाधान सुधारिएको साम्राज्यवाद होइन बरु नाफा कमाउने र भू-राजनीतिक प्रभुत्व जमाउनुको सट्टा मानवीय आवश्यकता र पारिस्थितिक दिगोपनको आधारमा संगठित एक उत्तर-पुँजीवादी, अन्तर्राष्ट्रियवादी प्रणालीतर्फको कदम नै हो भन्ने बुझ्नु पर्दछ। साम्राज्य पतनका 'सात चरणहरू' एक सरलीकृत ढाँचा हो तर अपरिहार्य नियम भने होइनन्। किनभने ऐतिहासिक विश्लेषणले के देखाउँछ भने साम्राज्यको पतन एक जटिल प्रक्रिया हो र आन्तरिक सामाजिक र आर्थिक कमजोरीहरूले प्रायः कुनै साम्राज्यले बाह्य दबाबहरूको सामना कसरी गर्दछ भन्ने कुरा निर्धारण गर्दछन्। अन्तिम 'पतनको युग' लाई विशेषगरी एक चेतावनीमूलक संकेतको रूपमा हेरिन्छ जहाँ मूल्य-मान्यताहरू सामूहिक कर्तव्यपालनबाट व्यक्तिगत ऐश-आरामतर्फ बदलिने हुन्छ।

आज आधुनिक साम्राज्यवाद अथवा नव-उपनिवेशवादले प्रायः अप्रत्यक्ष स्वरूप धारण गर्दछ र त्यसै अनुरूप निति अवलम्बन गर्दछ जस्तै-(क) आर्थिक प्रभुत्वः अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू, बहुराष्ट्रिय निगमहरू र ऋण मार्फत्। (ख) राजनीतिक प्रभावः प्रतिबन्ध, शासन परिवर्तन, र सशर्त सहायता। (ग) सांस्कृतिक प्रभुत्वः पश्चिमी मूल्यहरू प्रवर्द्धन गर्ने विश्वव्यापी मिडिया, प्रविधि, र शिक्षा। (ग) सैन्य उपस्थितिः सैन्य अड्डाहरू, हस्तक्षेप, र हतियार बिक्री। साम्राज्यवादका पक्ष र विपक्षमा विभिन्न प्रकारका बहस र दृष्टिकोणहरू पनि रहेका छन्। साम्राज्यवादका आलोचकहरूको के तर्क रहेकोछ भने साम्राज्यवाद शोषण, जातीय विभेद, र हिंसामा निहित छ, जसले दीर्घकालीन क्षति पुर्याउँदछ। साम्रज्यवादका पक्षधरहरूले के दावी गर्छन् भने यसले 'पछाडि परेका' क्षेत्रहरूमा पूर्वाधार, प्रविधि, र शासकीय व्यवस्था ल्याइदियो– अहिले यसलाई नियन्त्रणकारी दृष्टिकोणको रूपमा व्यापक चुनौती दिइएकोछ। उत्तर-औपनिवेशिक अध्ययनहरूले औपनिवेशिकवादले उपनिवेशवादी र उपनिवेशित दुवै समाजहरूमा ज्ञान, संस्कृति, र पहिचानलाई कसरी आकार दियो भनेर जाँच्ने काम गर्दछ। साम्राज्यवाद विश्व इतिहास, वर्तमान अन्तर्राष्ट्रिय सम्बन्ध र न्याय तथा समानताका लागि भइरहेका संघर्षहरू बुझ्नका लागि एक महत्वपूर्ण ऐनाको रूपमा रहेकोछ। यसको विरासत आजको आर्थिक असमानतादेखि लिएर सांस्कृतिक द्वन्द्व र भू-राजनीतिक तनावसम्मका हरेक कुरामा दृश्यमान रहेकोछ।

***क्रान्तिकारी शक्तिहरूको भूमिका***

विसौं शताब्दीका ऐतिहासिक परिघटनाहरूले के कुरा पुष्टि गरेका छन् भने क्रान्तिकारीहरूले भ्लादिमिर लेनिन जस्ता क्रान्तिकारी विचारकहरूद्वारा प्रतिपादित सिद्धान्तलाई अवलम्बन गर्दै साम्राज्यवादी प्रणालीभित्रका आधारभूत र अन्तरसम्बन्धित सङ्कटहरूको पहिचान गरेका थिए। ती संकटहरू केवल आर्थिक मन्दी मात्र थिएनन् बरु साम्राज्यवादलाई त्यसको प्रणालीगत पतनतर्फ अगाडि बढाउने संरचनात्मक अन्तर्विरोधहरू थिए। क्रान्तिकारीहरूले ति सङ्कटहरूबाट फाइदा उठाएर सम्पूर्ण साम्राज्यवादी प्रणालीलाई नै ध्वस्त पारेर बदलामा समाजवादी क्रान्ति, नयाँ जनवादी क्रान्ति र राष्ट्रिय मुक्ति आन्दोलनलाई सफल बनाउन सचेत तथा संगठित अग्रदस्ताको रूपमा भूमिका निभाएका थिए।

त्यसको ज्वलन्त र प्रत्यक्ष उदाहरणका रूपमा महान रुसी अक्टोबर समाजवादी क्रान्ति (सन् १९१७) जुन साम्राज्यवादी युद्ध (प्रथम विश्वयुद्ध) को प्रत्यक्ष उत्पादन थियो, चिनियाँ नयाँ जनवादी क्रान्ति (सन् १९४९) जुन जापानी साम्राज्यवाद र त्यसका घरेलु दलालहरूका विरुद्धको संघर्षको रूपमा रहेको थियो, जनवादी गणतन्त्र कोरियाको स्थापना (सन् १९४८) जुन जापानी साम्राज्यवादलाई पराजित गरेको थियो, क्युबाली राष्ट्रिय मुक्ति आन्दोलन (सन् १९५९) जुन अमेरिकी साम्राज्यवाद ट अधिनायकवादी शासनको विरुद्धमा भएको थियो र भियतनामी क्रान्ति (सन् १९४५) तथा राष्ट्रिय पुनःएकीकरण (सन् १९७५) जुन फ्रान्सेली र त्यसपछि अमेरिकी साम्राज्यवादविरुद्धको राष्ट्रिय मुक्तिको दशकौं लामो युद्धको रूपमा लडिएको थियो-लाई लिन सकिन्छ। यसरी साम्राज्यवादी संकटले क्रान्तिकारी अवसरहरू सिर्जना गर्दछ क्रान्तिकारीहरूले फाइदा उठाउनु पर्दछ र सक्दछन् भन्ने प्रमाणित भएको छ। अतः क्रान्तिकारीरुले साम्राज्यवादी संकट र क्रान्तिकारी परिवर्तनबीचको द्वन्दात्मक सम्बन्धलाई राम्रोसंग बुझ्न अत्यावश्यक रहेकोछ।

क्रान्तिकारी शक्ति र पार्टीहरूले ऐतिहासिक रूपमा नै साम्राज्यवादी दमन, शोषण र हस्तक्षेपका बाँकी ७ पृष्ठमा

# निर्वाचनको परिणाम र अबका चुनौती



● प्रेम सुवेदी ●

जेन्जी आन्दोलनको वलमा निर्माण भएको शुशिला कार्की सरकारले तोकिएको समयमा निर्वाचन सम्पन्न गरेको छ। निर्वाचनको क्रममा विभिन्न पार्टीहरूको चुनाव बहिष्कार तथा कैयौं स्थानहरूमा मतपेटिका खाली हुनुले यो निर्वाचनको औचित्यता माथि गम्भीर प्रश्न उठेको छ।जनताको आक्रोश र जनताको व्यापक सहभागिताविना भएको निर्वाचनले यो ब्यवस्थाप्रतिको अविस्वास अरु बढाएको छ।

जेन्जीहरूका मागको सम्बोधन नभए पनि ०८४ को चुनाव ०८२ मा नै गराएर पुराना संसदवादी पार्टीहरूको नालायकिलाई जवाफ दिने काम निर्वाचन मार्फत भएको छ। त्यसका साथै आफुलाइ जेन्जी आन्दोलनको उत्तराधिकारी बताउदै त्यो आन्दोलनको श्रेय निर्वाचन मार्फत आफ्नो पक्षमा पार्न रा. स्व. पा. सफल भएको छ। तर, त्यो आन्दोलनका क्रममा भएको नृशंस हत्या, तोडफोड र आगजनीका अपराधी तथा दोषीहरू माथिको कार्वाहीको बिषयलाई न्यायिक हिसाबले निरूपण गर्ने भन्दा पनि त्यसलाई एकपक्षीय बनाउन स्वयं अहिलेको सरकार र रा. स्व. पा. का नेताहरू नै जोडिएको आरोप पनि लाग्दै आएको सर्वविदितै छ। र, त्यो आरोपमा कति सत्यता छ? वा ती आरोप मात्रै हुन ? ती सबै कुरा भोलिका दिनहरूमा खुल्दै जाला वा अरु रहस्यमय नै रहलान् ? त्यसबारे पनि यहाँ बढी चर्चा गरिने छैन। जेन्जी आन्दोलनको क्रममा भएको बाह्य हस्तक्षेप ,त्यसको जगमा बनेको सुशीला सरकार र रा.स्व. पा . नेताहरूको प्रयोग वा उपयोग बारे पनि विभिन्न संचार माध्यमले उठाउँदै आएका विषयलाई पनि नजरअन्दाज गर्न सकिदैन र मिल्दैन तर, सत्य तथ्यको आधारमा त्यसको निरूपण पनि इतिहासले गर्ने नै छ। निर्वाचनको मिति भन्दा केही दिन पूर्व बि.बि.सी.द्वारा प्रसारित डकुमेन्ट्री र जेन्जी आन्दोलनका क्रममा भएको दमन , हत्या, हिंसा, आगजनी, तोडफोड लगायतका बिषयमा छानबिन गर्न गठित कार्की आयोगको रिपोर्टका बीचको सम्बन्ध बारे पनि कैयौं प्रश्न उठेका छन्। त्यसले निर्वाचनको परिणामलाई के कस्तो प्रभाव पाऱ्यो ? भन्ने बिषयको खोजी पनि हुदै जाला। अहिलेको निर्वाचनको बिषयमा उठेका विभिन्न प्रश्न र आसंका रहेपनि यसको परिणामलाई अस्वीकार गर्ने कानुनी आधार भने छैन। त्यसैले यो निर्वाचनको परिणाममा कुनै एउटा मात्रै कारणले काम गरेको छैन ,र यसमा बहुआयामिक पक्षहरूअन्तर्निहित छन्।

निर्वाचनवाट प्राप्त जनमतलाई रा. स्व. पा. ले कसरी अगाडि बढाउछ? त्यो उसले ल्याउने नीति तथा कार्यक्रम पछि नै चर्चाको बिषय बन्नेछ।अहिले सरकार गठन प्रक्रियामा रहेकोले त्यो प्रश्नमा पनि यहाँ केही उल्लेख गरिने छैन। यहाँ चर्चा गर्न खोजिएको विषय मुख्यतः निर्वाचनमा जुन परिणाम रास्वपाले प्राप्त गरेको छ ,त्यसका पछाडिको वस्तुगत पक्षबारे नै केही उल्लेख गर्नु उपयुक्त हुनेछ। जस्तो विगत लामो समय सम्म सरकार चलाउदै आएका पार्टीहरू एमाले , काग्रेस र माओवादी केन्द्रले जसरी राज्यको दोहन गरेर भ्रष्टाचारलाई सस्थागत रूपमा अगाडि बढाए, त्योभन्दा नराम्रो गर्ने ठाउँ सायद अब बाँकी थिएन। त्यही बिकृति र बिसंगतिको जगमा यो परिणाम आएको तथ्यलाई अस्वीकार गर्न मिल्दैन। सरकारका गलत नीति कार्यक्रमले विदेशीन बाध्य लाखौं लाख युवाको आक्रोश पनि रा. स्व.पा. को बिजयका लागि महत्त्वपूर्ण रह्यो। अहिलेको सूचना प्रविधि र संचारलाई रा. स्व .पा. ले जसरी प्रयोग गऱ्यो , त्यसमा अन्य पार्टी धेरै पछाडि रहे। यी लगायत धेरै बिषयले उनीहरूको जीतलाई सुनिश्चित गऱ्यो। विशेषतः जेन्जी आन्दोलनको क्रममा भएको भाद्र २३ को नरसंहारलाई तत्कालीन सरकारले नैतिक जिम्मेवारी समेत नलिनुले मुख्यतः एमाले तथा पुराना संसदवादी पार्टी प्रति अरु तीब्र घृणा उत्पन्न भएको थियो। के . पी. वलि सरकारको अपदस्त पछि जुन शून्यताको अवस्था आयो , त्यसमा पर्दा पछाडिबाट आन्दोलनकारीको अभिभावक बनेर बालेन साहले खेलेको भूमिका तथा त्यही जगमा बनेको शुसिला कार्की सरकारको गठन र निर्वाचनको म्यापरोडलाई अरु दलले बुझ्न् नसक्नु पनि अहिलेको परिणाम हो। यसका साथै बिदेशी शक्ति केन्द्रहरूले यहाँका शासक र शासनलाई नजिकबाट नियालिरहेका थिए। हिजो जेन्जी आन्दोलनलाई पनि उनीहरूले आफ्नो हितमा प्रयोग गर्न बनाएका विभिन्न संस्था तथा संजालहरूको भरथेगमा नै अन्तरिम सरकार बन्न पुगेको थियो। त्यति मात्र होइन,चुनाव गराउन गएका धेरै मन्त्रीहरू बीचमै सरकार छोडेर निर्वाचनमा जानु र ती स्वयं रा.स्व.पा.को उम्मेदवार हुनुले पनि यो निर्वाचनको परिणाम बुझ्न् त्यति गाह्रो छैन।

जहाँ सम्म निर्वाचन पछि बन्ने सरकारले देशको अवस्थामा पूरै कायपलट नै गर्छ कि भन्ने जुन आशा र भरोसा जनतामा छ त्यो वास्तविकलाई बुझ्न धेरै प्रतीक्षा गर्नु पर्ने छैन। केही समय पछि त्यो पनि प्रष्ट हुनेछ। अहिले निर्वाचनमा बिजय हुने धेरै जसो उम्मेदवार जेन्जी आन्दोलनको भावनासङ्ग जोडिएका युवा तथा उर्जाशील ब्यक्तिहरू रहेकोले पहिले भन्दा कैयौं सुधारका काम अवस्य होलान् तर , त्यो भन्दा बढी आशा गर्नु अर्को भट्काव नै हुनेछ। आशा गरौ जेन्जीहरूले उठाएका मुद्दा मुख्यतः भ्रष्टाचारीलाई कार्वाही , सुशासन , सामाजिक न्याय , सर्वसुलभ शिक्षा , सहज रूपमा जनताको स्वास्थ्य उपचार र रोजगारी सिर्जना गरेर देश विकासको गतिमा अगाडि बढोस्। यो इच्छा र चाहना धेरै नेपालीले गरेका छन् त्यो स्वाभाविक पनि हो। तर, इतिहास देखि जनताले हरेक परिवर्तनमा जुन अपेक्षा र आशा गर्दै आए , ती अधुरो मात्रै रहेनन् बरु बारम्बार धोका हुँदै आयो। त्यो नियतिबाट अहिले बन्ने सरकारले जनतालाई मुक्त गर्न सक्छ ?अवस्य पनि अहिलेको आर्थिक, सामाजिक, राजनीतिक प्रणालीबाट सम्पूर्ण देशका आधारभूत समस्याको समाधान हुदैनन्। त्यसका लागि विद्यमान दलाल तथा नोकरशाही ब्यवस्थाको अन्त्य र स्वाधीन , आत्मनिर्भर अर्थब्यवस्थाको निर्माणको जरुरी हुनेछ। रा. स्व. पा. ले अगाडि सारेको उदार अर्थब्यवस्था भनेको हिजो काग्रेस, एमाले र माओवादी कै निरन्तरता भएकोले यसबाट मौलिक परिवर्तनको आशा गर्नु भनेको बेलको रुखबाट स्याउ फलाउने कथा जस्तै हो। तसर्थ , अहिलेको चुनावी परिणामले दलाल पुँजीवाद कै सेवा गर्ने हुँदा यसबाट आमूल परिवर्तनको कुरा सम्भव छैन।जहाँ सम्म सुधार गर्ने कुरा छ त्यो सम्भव छ , तर त्यसका लागि रा.स्व. पा .ले अगाडि ल्याउने नीति र कार्यक्रम हेरेर मात्रै भन्न सकिने छ।

अहिलेको निर्वाचनवाट रा स्व पा ले जुन सफलता प्राप्त गरेको छ , त्यसले देशको शासन सत्तामा तुलनात्मक हिसाबले केही परिवर्तन अवश्य गर्ला। तर , भूराजनैक जटिलता अरु गम्भीर हुने खतरा पनि त्यतिकै छ। त्यसैले नेपालको परराष्ट तथा सुरक्षा नीतिमा न्युनतम साझा राष्ट्रिय एकताका लागि सबै देशभक्त, लोकतान्त्रिक र वामपन्थी शक्तिहरूले पहल गरेर राष्ट्रिय सहमति कायम गर्न ढिला गर्नु हुदैन। त्यसले मात्र देशको सार्वभौमिकता , राष्ट्रिय स्वाधीनता र नेपालको अखण्डताको रक्षा गर्न सकिने छ। राष्ट्रिय स्वाधीनता र परनिर्भरताको बढ्दो चुनौतीलाई समयमै समाधान गर्न सकिएन भने त्यसले नेपालको अस्तित्व माथि नै गम्भीर संकट आउन सक्छ। त्यसैले एकातिर यतिबेला देशको हितलाई केन्द्रमा राखेर बृहत राष्ट्रिय एकता कायम गर्न जिम्मेवार राजनीतिक पार्टी ,नागरिक समाज र बौद्धिक समुदायको सचेतापूर्वक पहल कदमीको आवश्यकता छ भने अर्कोतिर लोकप्रियतावादले निम्त्याउन सक्ने फासीवादी खतरा प्रति पनि त्यत्तिकै सजगताको जरुरी छ।

# इरानमाथि इजरायल र अमेरिकाको आक्रमण



● नरेन्द्रबहादुर थापा ●

**इस्लामिक रिभलुसनरी गार्ड क्रप्स र इजरायली सेनाबीचको सिधा भिडन्तले सिरिया, लेबनान, इराक, यमनमा संक्रमणको जोखिम झन्झन् बढ्दै गएको छ। जसले तत्काल युद्धबाट नियन्त्रित प्रोक्सी द्वन्दहरुसम्म द्वन्द फैलाउने सम्भावना पनि बढ्दै गएको छ।**

यही फागुन १६ गते शनिबार तदनुसार २८ फेब्रुअरी २०२६ का दिन बिहान इजरायलका प्रधानमन्त्री जो(बाइडेन बेन्जामिन नेतन्याहुको नेतृत्वमा अमेरिका र इजरायलले संयुक्तरूपमा इरानमाथि हवाई आक्रमण गरेका छन्। उनीहरूले 'अपरेसन लायन्स रोअर'वा 'अपरेसन इपिक फ्युरी' नामक सैन्य अभियान अन्तर्गत इरानमाथि भारी हवाई र मिसाइल आक्रमण गरेका हुन्।

इरानका सैन्य परमाणु तथा मिसाइल क्षमताहरूलाई नष्ट गर्नु र इरानी उच्चस्तरीय नेतृत्वलाई भौतिकरूपमा नै समाप्त गरेर दीर्घकालीन रणनीतिक लाभ उठाउनु इजरायल र अमेरिकी साम्राज्यवादको उद्धेश्य हो।

यस आक्रमणले तेहरान , स्पहान, कोम लगायतका विभिन्न सहरहरूका कैयौं किल्लाहरूमा धक्का पुऱ्याएको भनी प्रतिवेदनहरू बाहिर आएका छन्।

१. यस राजनीतिक र सामरिक आक्रमणबाट भएको परिणामले नेतृत्व र सत्ता संरचनामा भयंकर गहिरो प्रभाव पारेको छ र इरानी शासन कक्षमा पनि प्रत्यक्षरूपमा ठूलो असर पुऱ्याएको छ। किनभने अहिले साम्राज्यवादीहरूको यो आक्रमणबाट इरानी शासनमा प्रभावित गर्न सबैभन्दा बढी मानवीय क्षति पुऱ्याएको छ ,जहाँ सन् १९८९ देखि सत्ता संहालेका ईरानका सर्वोच्च नेता आयतुल्ला अलि खामेनेइ र रक्षामन्त्री आजिज नासिर्जदेह ,सैन्य कार्यालय प्रमुख मोहम्मद शिराजी,सैन्य मुख्यालयको खुफिया प्रमुख सालेह असादी, इरानी रिभोलुसनरी गार्डका ब्रिगेडियर जनरल बहरान हुसेनी मोतलग लगायत कैयौं उच्चस्तरीय नेताहरूको मृत्यु भएको छ।

यस्तो उच्च नेतृत्वको क्षतिबाट भएको देशभित्रको राजनीतिक शून्यताले , सुरक्षा निकायहरूबीचको प्रतिस्पर्धा र शक्तिको पुनः वितरणको लागि झन् ठूलो संघर्ष उत्पन्न भएको बेला खामेन्याईको उत्तराधिकारी उनको माइलो छोरा मोज्दाक खामेइनी इरानको सर्वोच्च नेताको रूपमा बहाली भएका छन्।

इरानको प्रतिशोध र सङ्कट विस्तारबारे कुरा गर्दा इरानले प्रतिउत्तरमा मिसाइल तथा ड्रोन हमलाहरू चलाइरहेको छ, जसले इजरायली तथा अमेरिकी साझेदार तथा मध्यपूर्वका देशहरूमा थप तनाव उत्पन्न गराएको छ। नवनियुक्त सर्बोच्च नेता मोज्दाक खामेनेइले आफ्नो पिताको खुनको बदला लिने दृढ प्रतिज्ञा गरेका छन्।

इजरायल र अमेरिकाको इरानसितको लडाईमा भएको अहिलेसम्मको स्थिति बताउनुपर्दा इरानका ४००० सैन्य लक्ष्यहरू ९एयर डिफेन्स, मिसाइल बेस, सैन्य मुख्यालय०मा बमबारी गरेका छन्। प्राप्त भएका केही रिपोर्ट अनुसार २००० भन्दा बढी अमेरिकी, १५०० भन्दा बढी इजरायलीहरूको मृत्यु भएको छ।। तेहरान लगायत धेरै सहरमा भीषण बमवारी भएको छ।

अहिलेसम्मको मानवीय क्षतिमा इरानको आफ्नो प्रतिवेदन अनुसार करिब १३०० भन्दा बढी मानिस मारिएका छन् र सयौं घाइते भएका छन्। यद्यपि इजरायलले ३६०० मारिएको बताएको छ। इरानको प्रतिकारमा करिब १५ जना मारिएका छन् र सयौं घाइते भएको कुरा आक्रमणकारीहरूको प्रतिवेदनमा आएको छ। संख्या अझै धेरै हुन सक्ने अनुमान गरिएको छ।

इरानले गरेको प्रतिकारको प्रतिवेदनमा इजरायलतर्फ दर्जनौं मिसाइल र ड्रोन आक्रमण भएका छन्। अमेरिकी सैन्यअखाडा भएका देशहरू युएई , कुवेत, साउदी, कतार, अबुदाबी आदि देशहरूमा ड्रोन हमला भएको छ। मध्यपूर्वका विभिन्न स्थानहरूमा इरान समर्थित समूहले हमला बढाएका छन्।

यो लडाईंको कारणले गर्दा पुरै मध्यपूर्वमा युद्ध फैलिने जोखिम बढेर गएको छ। हिजबुल्लाह, लेबनान ,इरान समर्थित मिलिसिया र इराक सक्रिय रहेका छन्। खाडी देशहरूमा सुरक्षा सङ्कट छ। हर्मुज जलडमरु क्षेत्रमा तेल आपूर्ति प्रभावित भएको छ। विश्वव्यापी तेल मूल्य र व्यापारमा असर परेको छ।

इजरायलको आन्तरिक अवस्थाबारे कुरा गर्दा देशभर आपदकाल घोषणा भएको छ। सबै विद्यालयहरू बन्द भएका छन्। सार्वजनिक जमघटमा रोक लगाइएको छ। सेनाको रिजर्भ फौज परिचालन गरिएको छ। इरानले प्रतिक्रिया जारी राखेको छ। युद्ध क्षेत्रीय युद्धमा परिणत हुने जोखिम बढेर गएको छ।

२.क्षेत्रीय अस्थिरता र भूराजनीतिक परिणामको कारण यो आक्रमणको प्रभावबाट मध्यपूर्वमा भीषण द्वन्दको बिस्तार हुनपुगेको हो।

इरानको प्रतिक्रिया र साझेदार देशहरूको समर्थनले क्षेत्रीय द्वन्दलाई अझ गहिरोरूपमा बिकास गर्दै जाने देखिएको छ।

इस्लामिक रिभलुसनरी गार्ड क्रप्स र इजरायली सेनाबीचको सिधा भिडन्तले सिरिया, लेबनान, इराक, यमनमा संक्रमणको जोखिम झन्झन् बढ्दै गएको छ। जसले तत्काल युद्धबाट नियन्त्रित प्रोक्सी द्वन्दहरूसम्म द्वन्द फैलाउने सम्भावना पनि बढ्दै गएको छ।

अन्तर्राष्ट्रिय प्रतिक्रियाहरू

युनाइटेड नेशन्स र अन्य धेरै देशहरूले अत्यधिक हिंसात्मक स्वरूपमा मानव अधिकारको उल्लंघन गर्ने इजरायल र अमेरिकालाई गम्भीर चेतावनी दिँदै आएका छन्।

सोभियत रूसले अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गर्दै सार्वभौमिक राष्ट्रमाथि आक्रमण गरेको भन्दै कडा निन्दा सहितको प्रतिक्रिया जनाएको छ। रुसका अधिकारीहरूले मध्यपूर्वलाई ठूलो युद्धतर्फ धकेल्ने खतरनाक कदम रोकेर तत्काल युद्धविराम गरी वार्ता गर्नुपर्ने कुरा बताएका छन्। रूसले इरानलाई कूटनीतिक समर्थन दिने संकेत पनि दिएको छ। रुसी नेतृत्वले यो हमलालाई ूअमान्यू ूअप्रत्याशित आक्रमणू भनेको छ र शान्ति पुनर्स्थापनाको प्रयासहरूमा सक्रिय भूमिका निर्वाह गर्दै आक्रमणकारीहरूलाई गम्भीर चेतावनी दिएको छ।

चीनले पनि यो साम्राज्यवादी आक्रमणप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ। सबै पक्षलाई संयमता अपनाउन आग्रह गर्दै युद्ध तु। रोकेर कूटनीतिक समाधान खोज्नुपर्ने बताएको छ। विशेषगरी मध्यपूर्वको स्थिति बिग्रने खतरा हुनुका साथै विश्व ऊर्जा आपूर्तिमा हुन जाने असरबारे चीनले चिन्ता व्यक्त गरेको छ।

उत्तर कोरियाले सबैभन्दा कडा प्रतिक्रिया दिएको छ। उसले भनेका मुख्य कुराहरू अमेरिका र इजरायलले आक्रमणकारी नीति लिएका छन्। इरानलाई आफ्नो सुरक्षा बचाउने अधिकार छ। यो घटना अमेरिकाको साम्राज्यवादी हस्तक्षेपको उदाहरण हो भन्दै उत्तर कोरियाले इरान प्रति पूर्ण समर्थन व्यक्त गरेको छ।

३. यो हमालले आर्थिक तथा वैश्विक प्रभाव पारेको छ। यसको बढी प्रभाव खासगरी तेल बजार र ऊर्जा सुरक्षामा परेको छ।

युद्धको कारणले वैश्विक ९ग्लोबल ०तेल मूल्यमा भारी उछाल आएको छ। विशेषगरी स्ट्रेट अफ हर्मुजलाई लिएर आर्थिक संकट उत्पन्न भएको छ।

हर्मुज मार्गमा हुन गएको जोखिमले अन्तर्राष्ट्रिय ऊर्जा व्यापार र आपूर्ति श्रृङ्खलामा अभाव सिर्जना गरेको छ र कैयौं अनिश्चितताहरू पैदा गरेको छ। जसले विश्वव्यापी मूल्यहरूलाई अनुचित रूपमा प्रभावित गर्न सक्छ।

यस घटनाबाट प्रभावित हुने आर्थिक वृद्धिदर र जोखिम सम्बन्धमा आर्थिक विश्लेषकहरूले संकेत गर्छन् कि यदि युद्ध दीर्घकालीन रह्यो भने , त्यसले अर्थतन्त्रको विकासमा कच्चा पदार्थ लागतको अभाव , वित्तीय बजारमा मुद्रा अस्थिरता र अनिश्चितता जस्ता असरहरू उत्पन्न हुन पनि सक्छन्।

४.दीर्घकालीन रणनीति र मानवीय परिणामहरूको कारणले गर्दा मानवीय संकट र बन्धकको स्थिति सिर्जना भएको छ।

यो युद्धले ठूलो सङ्ख्यामा नागरिक जनधन, सेवा अवरोध, स्वास्थ्य सुविधामा क्षति जस्ता मानवीय चुनौतीहरू निम्त्याउने सम्भावना बढेको छ।

युद्ध जारी रहँदा विस्थापितहरू, आपूर्ति सञ्जाल अवरुद्धता र आप्रवास जोखिमहरू पनि अझै बढ्नेछन्।

दीर्घकालीन अन्तर्राष्ट्रिय सुरक्षा स्थिरताको बारेमा बिचार गर्दा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद र अन्य कुटनीतिक मञ्चमा यसले नयाँ सुरक्षा ढाँचा र नियमहरू स्थापित गर्न दबाब सिर्जना गर्दछ , जसले भविष्यमा अन्तर्राष्ट्रिय नियम, राज्य सार्वभौमिकता र आक्रमणको वैधता को पुनर्मूल्यांकन गर्न वाद्य बनाउँछ।

अहिलेसम्म इरानले प्रतिशोध स्वरूप इजरायलमाथि यति ठूलो हमला गर्यो कि शक्तिशाली मिसाइल प्रहार गरेपछि इजरायलका सहरहरू सुनसान जस्तो देखिएका छन्। प्रत्यक्षदर्शीका अनुसार सडकहरू खाली भएका छन्। धेरै नागरिक र बंकरहरू सुरक्षित आश्रयतर्फ भागेका छन्।

उत्तर कोरियाका सर्बोच्च नेता किम जंग अनले मध्यपूर्वमा बढ्दो तनावबीच कडा चेतावनी दिँदै बताएका छन् कि यदि इरानले औपचारिक रूपमा सहयोग मागेमा उत्तर कोरिया इजरायल विरुद्ध शक्तिशाली सैन्य सहयोग गर्न तयार रहनेछ। उनले भनेका छन'इरानले आग्रह गरेमा आवश्यक परे एकै मिसाइल प्रहारले इजरायललाई गम्भीर क्षति पुऱ्याउन सक्छौं।'

अमेरिका इजरायलले युद्ध जारी राखेमा इरानले मध्यपूर्वका सबै आर्थिक केन्द्रहरू ध्वस्त पार्ने चेतावनी दिएको छ।

इरानका राष्ट्रपति मसुद पेजेस्किनले आफ्नो देशले विदेशी दबाब र धम्कीसामु कहिले घुँडा नटेक्ने उद्धोष गरेका छन्।

लस एन्जेल्स महानगर सहित संयुक्त राज्य अमेरिकाका ४० सहरहरूमा इजरायल र अमेरिकाले इरानमाथि आक्रमण गरेको विरोधमा व्यापक जनप्रदर्शन भएको छ। कारबाही रोक्न माग गर्दै नारा लगाइएको छ। सहरको अटर्नी पदकी उम्मेदवारले सभामा इरानी जनताले आफ्नो नेता छान्न पाउने अधिकार रहेको बताएकी छिन्।

यदि युद्ध लम्बिने हो र सङ्घर्ष शान्तिपूर्णतर्फ नजानेहो भने, यसले क्षेत्रीय सुरक्षा प्रतिस्पर्धा (जस्तै तुर्की, साउदी, रूस र चीन को सन्तुलन पूर्ण रूपमा बदल्न सक्छ।

५. इजरायली र अमेरिकी साम्राज्यवादी आतंकवादका सेनाद्वारा संयुक्तरूपमा ईरानमाथि गरिएको आक्रमण केवल एक सैन्य घटना मात्र होइन, तर यो भूराजनीतिक, आर्थिक र मानवीय प्रणालीहरूलाई लामो समयसम्म प्रभाव पार्ने गहिरो संकटको सुरुवात हो। यसले मध्यपूर्वमा युद्धको ूनयाँ चरणू खोलिदिने सम्भावना बढेर गएको छ , जसमा प्रतिशोध, बल र राजनीतिक प्रतिस्पर्धा एक अर्कामा जटिल रूपमा मिश्रित हुँदै छन्। नीतिनिर्माताहरूले अब दीर्घकालीन शान्ति ,कूटनीति र सुरक्षा निर्माणका लागि बहुपक्षीय प्रयासमा सन्तुलन कायम गर्न आवश्यक छ।अन्यथा यसले वैश्विक ९ग्लोबल ० संरचनालाई अनपेक्षित दिशा दिन सक्छ , जसले तेस्रो विश्वयुद्ध निम्त्याउने सम्भावना पनि बढेर गएको छ।

अन्त्यमा यसरी एक ध्रुवीय अमेरिकी साम्राज्यवादले विश्व आतंक सिर्जना गरेको छ। विश्व शान्तिको लागि यो साम्राज्यवादको अन्त्य हुन जरुरी छ। अझ विशेष गरेर साम्राज्यवादको वर्तमान नाइके डोनाल्ड ट्रम्पले आफ्नो पतनको बाटो समातेका छन्। उनको पतन त अवश्यम्भावी छ। यही मार्च ३१ मा मध्यावधि निर्वाचन हुँदैछ। ट्रम्पलाई हटाउन दुई मत मात्र कमी भएको छ। निर्वाचनसम्म कमी मत पुरा भयो भने उनको समय समाप्त हुन्छ। यद्यपि ट्रम्पको समय समाप्त भएर मात्र साम्राज्यवादी आतंक बन्द हुँदैन। विश्व शान्ति छाउन साम्राज्यवादको अन्त्य र समाजवादको उदय हुनुपर्छ, जुन समाज विकासको प्रकृति विज्ञानको वैज्ञानिक नियम हो।वर्गसंघर्षको निरन्तरताबाट मात्रात्मक परिवर्तन हुँदै गुणात्मक परिवर्तनको फड्को मारेपछि यो समाजको स्थापना हुनेछ। यसलाई कसैले रोकेर रोकिँदैन।

*मिति:२०८२, फागुन १९ गते*

# झक्कुप्रसाद पुन रचित 'अभ्यस्त सिपाही' एक सर्वेक्षण



● हिरामणि दुःखी ●

**'अभ्यस्त सिपाही' कथाकृति मार्फत कथाकार निर्ममले नेपाली समाजको शुक्ष्म ढङ्बाट अन्वेषण गर्न पुगेका छन् । युद्धले नेपाली समाजको बाल मनोविज्ञानमा पारेको प्रभाव, भविश्यका लौरी आफ्ना सन्तान सरकारी फौजका शिकार बनाइँदा पनि अरु सन्तानलाई बदला लिन युद्धमोर्चामा पठाउने साहसी, कठोर तर वर्गप्रतिको प्रेम भाव व्यक्त गर्ने ग्रामिण महिलाहरुको उदात्त चेतनालाई कथामा प्रस्तुत गरेर युद्धको महत्वलाई निकै राम्रोसँग उठाउन सफल भएका छन् । त्यति मात्र होइन स्वयम् जनमुक्ति सेनाको त्याग, वलिदान, सौर्यता वीरताका गाथाहरुलाई पनि आफ्ना कथाका विषयवस्तु बनाएर भविश्यका पुस्ताका लागि पनि प्रेरणा दिन सफल भएका छन् ।**

ल्यान, साविक कालागाउँ-६ तिमिल्काँडामा बुबा भोटु पुन र आमा डम्बरी पुनको कोखबाट २०२७ मा जन्मिएका झक्कुप्रसाद पुन जनमुक्ति सेनाका बटालियन सहायक कमान्डर थिए । पार्टी र साहित्यिक क्षेत्रमा 'निर्मम'को नामले परिचित पुनले पचासको दशकदेखि साहित्य लेखनमा प्रवेश गरेको देखिन्छ । माध्यमिक तहको विद्यार्थी जीवनदेखि नै फुटकर कविता लेखनमा प्रवेश गरेका पुनले मूलतः जनयुद्धका क्रममा पूर्णकालीन भएर जनमुक्ति सेनामा प्रवेश गरेदेखि साहित्य साधनामा लागेको देखिन्छ । जनयुद्धको पेचिलो समयमा एक हातमा बन्दुक समाएर अर्को हातले कलम समाएर युद्ध सिर्जित सम्बेदनालाई पकड्दै नयाँ यथार्थलाई शब्दबिम्बमा उतार्नु चानचुने कुरा थिएन । यति गम्भीर कार्य झक्कु पुनले सहजै लिएर अगाडि बढ्नु उनमा भएको साहित्यिक चेतको परिणाम हो ।

२०५३ मा माओवादी पार्टीमा प्रवेश गरेका पुन २०५४ मा स्वायड सदस्यबाट जनमुक्ति सेनाको यात्रारम्भ गरेका थिए । बटालियन सहायक कमान्डर भई सफलतापूर्वक सैन्यजीवनमा नेतृत्वदायी लडाकु भूमिका निभाएका झक्कुप्रसाद तात्कालीन पाँचौं डिभिजनको फमेशनमा आवद्ध थिए । डिभिजन फर्मेशन निर्माण भएको पहिलो रोलकलको क्रममा सल्यान-रोल्पा सीमाक्षेत्रमा पर्ने रोल्पाको मनिमारेमा भएको तात्कालीन शाहीसेनाको हवाइहमलाको क्रममा परी २०६२ मङ्सिर १४ गते डिभिजन कमान्डर किमबहादुर थापा 'सुनिल'सँगै सहादत प्राप्त गरे । त्यसपछि उनको प्राणसँगै उनीसँग भएको कलम र बन्दुकलाई एकैसाथ संयोजन गरेर अगाडि बढ्ने कौशलताले पनि सदाका लागि विश्राम लियो ।

सैन्य जीवनको अत्यन्तै व्यस्त र जोखिमपूर्ण समयमा पनि साहित्य लेखनमा तल्लीन भइरहने निर्ममले सहादत हुनुपूर्व एउटा कथासङ्ग्रह 'अभ्यस्त सिपाही' (२०६२) प्रकाशित गरेका थिए । उनको कथाकृति वास्तवमा एउटा भीषण मोर्चामा अभ्यस्त रहेको छापामार सिपाहीकै जीवन्त भोगाइ र अनुभूतिको नवीन यथार्थ हो । कथाकार निर्ममले सैन्यमोर्चामा जेजति कुराहरू देखे, भोगे र अनुभूत गरे तिनै कुराहरूलाई शब्दबिम्बमा उतार्ने काम गरे । उनले आफ्ना सिर्जनाहरूमा युद्धकालीन जीवन परिवेश र सैन्य जीवनका भोगाइहरू, तज्जन्य घटना परिघटनाहरू, वर्गसङ्घर्षका रापिला भट्टीबाट खारिएका फलामका धाउहरूलाई आफ्नो कथाको विषय बनाएका छन् । विभिन्न शीर्षकका बाह्रवटा युद्धजन्य घटनाहरूलाई समेटेर लेखिएका कथाहरूको सङ्गालो हो, 'अभ्यस्त सिपाही' ।

***विषय प्रवेश :***

'अभ्यस्त सिपाही' वर्गसङ्घर्षमा प्रत्यक्ष रूपमा त्यो पनि सैन्य मोर्चामा कार्यरत एक जनमुक्ति सेनामा कार्यरत योद्धाको साहित्यिक सिर्जना हो । नेपाली समाजका उत्पीडित वर्गका जनताले भोगेको यथार्थ र युद्धले पारेको सकारात्मक प्रभावको समष्टीका रूपमा आएको आख्यान साहित्य हो प्रस्तुत कृति । यस सङ्ग्रहमा दस वटा कथाहरू सङ्गृहित छन् । ती हुन् 'हत्याराको खोजी', 'आजकल बालचासो', 'ऊ त वीर थियो', 'चियामा षड्यन्त्र', 'ठूलो चौखे ढुङ्गामा छ हो त्यही', 'रेसुङ्गाका अर्याल बा', 'लाल गौंडा', 'रातो चिठी', 'दुई थाली आटो', 'अभ्यस्त सिपाही' कथाहरू ।

प्रस्तुत सङ्ग्रहको पहिलो कथा हो 'हत्याराको खोजी' । जसमा एकजना ग्रामिण युवकको सरकारी सुरक्षाफोर्सबाट हत्या गरिन्छ । आफ्नो घर गृहस्थी गरेर बसिरहेको एक युवकको अनाहकमा सरकारी सुरक्षाफोर्सबाट मारिनुले जनतामा वदलाभाव पैदा हुन्छ । त्यही बदलाभावको कारण हत्या भएको युवककी बिहनीलाई आमाले टीका लगाएर युद्ध मैदानमा पठाएको घटनालाई कथाको मूल विषय बनाइएको छ । दाजुको हत्याको बदला लिन बिहनी जनयुद्धको मोर्चामा सामेल भएको घटना जनयुद्धको एउटा शाश्वत् सत्य हो । यहाँ प्रतिनिधि पात्रका रूपमा दाजु बहिनी र आमाको प्रसङ्ग उल्लेख गरिए पनि जनयुद्धका क्रममा देशैभरी यसप्रकारका घटनाहरू भएका सयौँ उदाहरण छन् । वास्तवमा उत्पीडित वर्ग समुदाय, लिङ्गा मानिसहरू माओवादी पार्टीमा आवद्ध हुनु र जनयुद्धले एक पछि अर्को विकासको फड्को मार्नुमा सरकारी संयन्त्रको यस्तै फासिवादी हरकत बढ्नुको एउटा कारण पनि हो । जनयुद्धमा कार्यकर्ताहरूको भर्ती यस्ता घटनाहरूकै कारणबाट बढेर त्यो एउटा संस्कृतिकै रूपमा विकसित भएको थियो । कथाको प्रारूपीकरणका हिसाबले यो राम्रो कथा हो । यसैगरी सङ्ग्रहको दोस्रो कथा हो 'आजकल बालचासो' शीर्षकको कथा । यस कथामा ग्रामिण बस्तीका बालबालिकाहरूमा जनयुद्धले पारेको प्रभावलाई कथाको विषयवस्तु बनाएर पस्किएको छ । जहाँ गाउँका बालबालिकाहरूमा समेत माओवादी योद्धाहरू, नेता कार्यकर्ताहरू जनताका रक्षक हुन् भने सरकारी सेना प्रहरीहरू तथा सत्तासीन पार्टीका मानिसहरू जनताका दुश्मन हुन् भन्ने मनोविज्ञान पैदा भएको भाव सम्प्रेशण गरिएको छ । र ती बालबालिकाहरू समेत आपसमा खेल्दा कोही जनमुक्ति सेना बनेको, कोही माओवादी नेता बनेको जस्ता कृयाकलाप देखाइएको छ । यसलाई बाल चासोका रूपमा कथामा अभिव्यक्त गरिएको छ ।

प्रस्तुत सङ्ग्रहको तेस्रो कथा 'ऊ त वीर थियो' हो । यस कथामा एउटा क्रान्तिकारी योद्धाको बलिदानीभावलाई व्यक्त गरिएको छ । जबसम्म क्रान्तिमा कथाको पात्र वीरबहादुर जीवित थियो, त्यतिबेला उक्त पात्रमा विकास भएको क्रान्तिचेतना, वीरता, सौर्य, उदात्तता जस्ता कुराहरूलाई निकै मार्मिक ढङ्गबाट प्रस्तुत गरिएको छ । यस प्रकारको योद्धा लडाइँको मोर्चामा वीरतापूर्वक लडेर हाँसी हाँसी मृत्युवरण गर्न पुग्छ ।

'रातो चिठी' कथामा कथाकारले युद्धमोर्चामा सामेल एक योद्धाको सहादत पछि उसको घरमा सहादतको खबर लेखिएको चिठी पुऱ्याइएको घटनालाई समावेश गरेका छन् । संयोगले कथाकार आफैँ पनि युद्धमा शाहीसेनाको हवाइ हमलामा परेर सहिद हुन पुगे र उनको घरमा पनि यस्तै प्रकारको रातो चिठी लिएर उनका सहकर्मी जानु परेको थियो । यो अचम्मको आकस्मिकता बन्न पुगेको थियो । जनयुद्धका क्रममा यस्ता दर्जनौ घटनाहरू भएका थिए । प्रस्तुत रातो चिठी कथा युद्धरत समयको साक्षका रूपमा उभिएको एउटा सवल र ज्युँदो प्रमाण हो ।

प्रस्तुत सङ्ग्रहमा सङ्गृहित कथाहरू 'रेसुङ्गाका अर्याल बा' र 'दुई थाली आटो' जस्ता कथाहरूले जनमुक्ति सेनाको दैनन्दिनी तथा जनतामा सेल्टर लिँदा जनताले गरेको स्वागत सत्कार आदि विषयलाई आख्यानीकरण गरिएको छ । वास्तवमै जनमुक्ति सेना जनताकै सेना थिए । उनीहरू गाउँमा हुँदा जनताले सुरक्षाको महसुस गर्दथे । गाउँमा चोरी, डकैती, झैझगडा तथा सामाजिक अपराधजन्य कृयाक्लाप पूर्ण रूपमा बन्द जस्तै थिए । त्यसैले पनि माओवादी जनतामा लोकप्रिय बन्दै गएका थिए । यी र यस्तै विषयहरू प्रस्तुत 'अभ्यस्त सिपाही' कथा सङ्ग्रहमा समेटिएका छन् ।

सङ्ग्रहको प्रतिनिधि कथा 'अभ्यस्त सिपाही' हो । यसमा क्रान्तिकारी सिपाहीले आफ्नो सैन्य जीवनमा वहन गरेका जिम्मेवारीबोध, कर्तव्यपरायणता, इमानदारिता, त्याग र समर्पणभावलाई उच्चता र उदात्ततामा प्रस्तुत गरिएको छ । जहाँ कुशल लडाकु र सक्षम नेतृत्वबिचका तादात्म्यतालाई गहनतम् र सूक्ष्मतम् ढङ्गबाट कथामा प्रस्तुत गरिएको छ । यसरी अभ्यस्त सिपाही कथासङ्ग्रह स्वयम् लेखकको जीवन व्यवहारका भोगाइका साक्ष्य बनेर उभिएको छ । यो कृति जनयुद्धको जीवन्त इतिहास, उदात्तभाव र क्रान्तिचेतनाको प्रमाण पनि हो ।

***कथाको वैचारिकी :***

'अभ्यस्त सिपाही' कथासङ्ग्रह मार्क्सवादी विचारको पक्षधरतामा लेखिएको कथा सङ्ग्रह हो । यसले जनयुद्ध सिर्जित नवीन यथार्थलाई पकडेको छ । नेपालको सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक अवस्था र त्यसले पारेको वर्गीय अन्तरविरोध नै अभ्यस्त सिपाही कथासङ्ग्रहका मुख्य वैचारिक खजाना हुन् । प्रस्तुत कथाहरूले समाजवादी यथार्थवादी विचारधारालाई पकडेका छन् । माओवादीको नेतृत्वमा सञ्चालित जनयुद्ध र वर्गसङ्घर्षलाई उदात्तीकरण गर्नु यी कथाहरूका विशेषता हुन् । युद्धले पैदा गरेको एउटा वर्गको आनन्द र अर्को वर्गको त्रासदी कथाको सौन्दर्य हुन् । एउटै घटना पनि एउटा वर्गका निम्ति आनन्द र अर्को वर्गका निम्ति आतङ्क बन्नु यौद्धिक सौन्दर्य हो । उत्पीडित वर्गीय समाजका निम्ति प्रस्तुत कथाहरू वैचारिक प्रेरणाका श्रोत हुन् ।

झक्कुप्रसाद पुन वर्गबोधी कथाकार हुन् । उनले एकातिर साहित्यका माध्यमबाट उत्पीडित वर्गीय समाजलाई वर्गसङ्घर्षको चेतना जागृत गर्दछन् भने अर्कातर्फ स्वयम् बन्दुक बोकेर जनसेना बनेर प्रतिकृयावादी तथा फासिवादी सत्ता ढाल्न थुप्रै मोर्चाहरूमा सामेल भएर दुश्मन सेनालाई धुलो चटाउन पुग्छन् । माओले भन्नुभए जस्तै सर्वहारा वर्गका निम्ति राज्यसत्ता बाहेक अरू सबै भ्रम हो भन्ने मान्यतालाई आत्मसात गरेर नै कथाकार पुनले देशमा जनवादी व्यवस्था स्थापना गर्ने अभियानमा सामेल हुन्छन् । लडाइँका मोर्चाभित्रैबाट समाजको यथार्थ चित्र कला मार्फत् कथाका रूपमा पश्किएर जनतालाई वर्गसङ्घर्षमा सामेल हुन प्रेरित गर्छन् ।


'अभ्यस्त सिपाही' कथाकृति मार्फत कथाकार निर्ममले नेपाली समाजको शुक्ष्म ढङ्बाट अन्वेषण गर्न पुगेका छन् । युद्धले नेपाली समाजको बाल मनोविज्ञानमा पारेको प्रभाव, भविश्यका लौरी आफ्ना सन्तान सरकारी फौजका शिकार बनाइँदा पनि अरू सन्तानलाई बदला लिन युद्धमोर्चामा पठाउने साहसी, कठोर तर वर्गप्रतिको प्रेम भाव व्यक्त गर्ने ग्रामिण महिलाहरूको उदात्त चेतनालाई कथामा प्रस्तुत गरेर युद्धको महत्वलाई निकै राम्रोसँग उठाउन सफल भएका छन् । त्यति मात्र होइन स्वयम् जनमुक्ति सेनाको त्याग, वलिदान, सौर्यता वीरताका गाथाहरूलाई पनि आफ्ना कथाका विषयवस्तु बनाएर भविश्यका पुस्ताका लागि पनि प्रेरणा दिन सफल भएका छन् । कथाको महत्वपूर्ण पक्ष यो नै हो ।

जनयुद्ध कस्का निम्ति थियो, यसको उद्देश्य, लक्ष्य के थियो र यसले कुन वर्गको हितमा कस्तो व्यवस्था ल्याउनका लागि लडिएको थियो भनेर नेपाली समाजलाई शिक्षा दिनु, भविश्यका सन्तानलाई सत्य इतिहास पढाउनु र आफ्नो वर्गप्रति न्याय गर्नु प्रस्तुत कथासङ्ग्रहको विशेषता हो । युद्धको पेचिलो समयमा पनि यसरी कथा मार्फत् नेपाली समाजको यथार्थता पश्कनु र जनताको इतिहास अभिलेखिकरण गर्नु सह्रानीय, प्रशंशनीय कार्य हो । प्रस्तुत कृति युद्धको निकै पेचिलो समयमा प्रकाशित भएकाले पनि यो आम पाठकसम्म पुग्न सकेको छैन । यसलाई कुनै माध्यमबाट पुनः प्रकाशित गर्नसके कथाकार महान् सहिद झक्कुप्रसाद पुन प्रति न्याय हुनेछ ।

## ❑ यो साता कविता

### सुँगुर

❑ जगदीश चन्द्र



*सुँगुर पुरानै खोरमा*
*केही थरी*
*फोहर सफा गर्ने*
*निहुँ बनाएर पसे*
*बिस्तारै बिस्तारै*
*किन भन्नु*
*एकदमै होसहबासमै*
*आफ्नो जाति लुकाएर*
*होइन*
*विलुप्त भएर*
*आत्मसमर्पण गरेर*
*छालासाला च्यातेर*
*वर्नस्टिन रङ्को बने*
*केही नयाँ*
*अर्काथरीका देखिए*
*एल्गोरिदमबाट निर्मित*
*विविध रङ्गी*
*मन मस्तिष्क वाक्*
*उतैबाट आयातीत*
*खोर उही*
*नवउदारवादी पुँजीवादी*
*संसदीय दुर्गन्धी*

*साधन र साध्य*
*दुबै एउटै*
*सुँगुर र खोर*

### सत्ता र जुत्ता

❑ शीला योगी



*के फरक पर्छ ?*
*खुट्टा र जुत्ताको छनौट एउटै*
*संसद र जुत्ताको छनौट एउटै*
*जति फेरे पनि भो साटे पनि भो*
*के फरक पर्छ ?*
*खुट्टा भए जुत्ता कति कति*

*अधिकार मौलाएको छ*
*हक पनि त छ*
*लोकतन्त्रमा स्वतन्त्रता मिलेको छ*
*जो नेता बने पनि,*
*जे बोले पनि भो*
*के फरक पर्छ ?*
*जति कुरा बोले पनि,*
*जस्तो उखान जोडे पनि ।*

*लोकतन्त्र त हो*
*जो आए पनि जो गए पनि भो*
*जस्को जति मूल्य बढाएपनि,*
*या जति घटाए पनि*
*के फरक पर्छ ?*
*संसदको बजारमा खरिद बिक्री कति कति ।*

*सत्ता र नेताको बुट एउटै*
*ब्रस र पालिसको कमाल*
*जति दल्यो त्यति चम्कने त हो नी !*
*के फरक पर्छ ?*
*थोत्रा बुट भए पनि नयाँ पालिस कति कति*
*सत्ता र भक्तिको सम्बन्ध*
*सत्ता र शक्तिको सम्बन्ध*
*जति ढोगे पनि जति बिन्ती गरे पनि भो*
*के फरक पर्छ ?*
*मन्दिर भए भक्त कति कति ।*

## इनिशा....

सुवेदी, अखिल नेपाल महिला संगठनकी संयोजक अन्जाना तामाङ र अखिल नेपाल महिला युनियनकी संयोजक शशी घिमिरेले संयुक्त रूपमा वक्तव्य जारी गरी यस्तो माग गरेका हुन् ।

चार महिला संगठनले संयुक्त रूपमा जारी गरेको वक्तव्यमा भनिएको छ, "फागुन २३ गते बिहान सुर्खेत गुर्भाकोट ६ बडाखोली स्थायी घर भएकी इनीशा बिकको वीरेन्द्रनगर ४ शहीद पार्क नजिकको जनजागरण सामुदायिक वनमा बलात्कारपछि हत्या भएको घटनाले हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । यस्ता जघन्य अमानवीय अपराधहरूले हाम्रो समाजलाई भय र असुरक्षाको वातावरणतर्फ धकेलिएको छ । महिलामाथि हुने यस्ता अपराधिक घटनाहरू केवल व्यक्तिगत घटना मात्र नभइ समग्र समाज र पितृसत्तावादी राज्यव्यवस्थाको गम्भीर समस्या हो । अपराधीहरूलाई राजनीतिक संरक्षण दिने प्रवृत्ति, कमजोर कानुनी कार्यान्वयन र न्यायमा ढिलाईका कारण यस्ता घटनाहरू दोहोरिरहेका छन् । यसप्रति हाम्रा संगठनहरूको कडा आपत्ति र विरोध रहेको छ । हामी राज्यका सम्बन्धित निकायसँग बलात्कार तथा हत्याजस्ता जघन्य अपराधमा संलग्न सबै अपराधीहरूलाई तत्काल पक्राउ गरी कडा कानुनी कारबाहीको जोडदार माग गर्दछौं । साथै, पीडित परिवारलाई न्याय र उचित क्षतिपूर्तिको सुनिश्चित गर्न पनि जोडदार माग गर्दछौँ । यदि राज्यले बेवास्ता गरेमा हामी संघर्षमा जान बाध्य हुने यही प्रेस वक्तव्यमार्फत् सम्बन्धित निकायलाई अवगत गराउँदछौं ।"

त्यसैगरी सुर्खेतकी इनिशा विकको बलात्कार र हत्यामा संलग्न सबै अपराधीहरूलाई कडा कारबाही गर्न क्रान्तिकारी महिला संगठनले जोडदार माग गरेका छ । क्रान्तिकारी महिला संगठनकी संयोजक अम्विका मुडवरीले वक्तव्य जारी गरी यस्तो माग गरेकी हुन् । उक्त संगठनले जारी गरेको वक्तव्यमा भनिएको छ, "फागुन २३ गते बिहान सुर्खेत गुर्भाकोट ६ बडाखोली स्थायी घर भएकी इनीशा बिकको वीरेन्द्रनगर ४ शहीद पार्क नजिकको जनजागरण सामुदायिक वनमा बलात्कारपछि हत्या भएको घटनाले हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

यस्ता जघन्य अमानवीय अपराधहरूले हाम्रो समाजलाई भय र असुरक्षाको वातावरणतर्फ धकेलिएको छ । महिलामाथि हुने यस्ता अपराधिक घटनाहरू केवल व्यक्तिगत घटना मात्र नभइ समग्र समाज र पितृसत्तावादी राज्यव्यवस्थाको गम्भीर समस्या हो । अपराधीहरूलाई राजनीतिक संरक्षण दिने प्रवृत्ति, कमजोर कानुनी कार्यान्वयन र न्यायमा ढिलाईका कारण यस्ता घटनाहरू दोहोरिरहेका छन् । यसप्रति हाम्रा संगठनहरूको कडा आपत्ति र विरोध रहेको छ । हामी राज्यका सम्बन्धित निकायसँग बलात्कार तथा हत्याजस्ता जघन्य अपराधमा संलग्न सबै अपराधीहरूलाई तत्काल पक्राउ गरी कडा कानुनी कारबाहीको जोडदार माग गर्दछौं । साथै, पीडित परिवारलाई न्याय र उचित क्षतिपूर्तिको सुनिश्चित गर्न पनि जोडदार माग गर्दछौँ । यस अवस्थामा सुरक्षाको ग्यारेन्टी गर्न समेत हाम्रो संगठन राज्यसँग जोडदार माग गर्दछ । "


## यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !

- www.moolbato.com
- www.hanktoday.com
- www.daunnenews.com
- ww.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- हाँक साप्ताहिक

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## साम्राज्यवादी...

विरुद्धमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन् र क्रान्तिकारीहरूले त्यसप्रकारको भूमिका निभाउनु पर्दछ र निभाउन सकिन्छ भन्ने कुरामा दृढतापूर्वक उभिनु पर्दछ। क्रान्तिकारीहरूले साम्राज्यवाद विरोधी भूमिका निभाउँदा पनि क्रान्तिकारी सिद्धान्त र संगठनको आधार तथा माध्यमबाट नै निभाउनु पर्दछ। क्रान्तिकारीहरूका अगाडी त्यसप्रकारको साम्राज्यवाद विरोधी भूमिका राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको संयुक्त मोर्चा तथा मञ्चहरू निर्माण मार्फत् निभाउँदै आएका ऐतिहासिक अनुभवहरू रहेका छन् र अहिले पनि संयुक्त मोर्चाको नीतिलाई सही र सशक्त ढंगले कार्यान्वयन गर्नु पर्दछ।

*संयुक्त मोर्चाको उत्पत्ति र सिद्धान्त*

संयुक्त मोर्चा भनेको संघर्ष अथवा राजनीतिक संगठनको एउटा स्वरूप हो र त्यसलाई क्रान्तिकारीहरू वा कम्युनिस्टहरूले राजनीतिक संघर्षहरूमा परिचालन गर्ने गर्दछन्। संयुक्त मोर्चा सम्बन्धी कार्यनीतिको आधारभूत सिद्धान्त पहिलो पटक कम्युनिस्ट अन्तर्राष्ट्रिय (कोमिन्टर्न) ले विकास गरेको थियो जुन १९१७ को बोल्सेभिक क्रान्तिको परिणामस्वरूप कम्युनिस्टहरूले स्थापना गरेको एक अन्तर्राष्ट्रिय कम्युनिस्ट संगठन थियो। सन् १९२२ मा सम्पन्न भएको कोमिन्टर्नको चौथो विश्व महाधिवेशनको थेसिस (शोधपत्र) अनुसार संयुक्त मोर्चाको रणनीति सामान्यतः एउटा पहलकदमी हो जस अन्तर्गत् कम्युनिस्टहरूले अन्य पार्टी र समूहहरूसँग संलग्न रहेका सबै मजदुरहरू तथा सम्पूर्ण असंलग्न मजदुरहरूसँग मिलेर पुँजीपतिवर्ग विरुद्ध श्रमिक वर्गको तात्कालिक आधारभूत हितहरूको रक्षा गर्न साझा संघर्षमा सामेल हुन प्रस्ताव गरेको थियो। संयुक्त मोर्चाको कार्यनीतिले पुँजीवादको क्रान्तिकारी उन्मूलनप्रति प्रतिबद्ध मजदुरहरूलाई गैर-क्रान्तिकारी मजदुरहरूसँग संघर्ष गर्न अनुमति दिएको थियो। यी साझा संघर्षहरू मार्फत् क्रान्तिकारीहरूले अन्य मजदुरहरूलाई क्रान्तिकारी समाजवादतर्फ आकर्षित गर्ने प्रयास गरेका थिए।

संयुक्त मोर्चाको नीति लेनिनको नेतृत्व र रुसी क्रान्तिको युगबाट प्राप्त मजदुर वर्गको कामका लागि सबैभन्दा प्रभावकारी माध्यमहरूमध्ये एक रहेको थियो। सन् १९२१ को डिसेम्बरमा कम्युनिस्ट इन्टरनेशनल (कोमिनटर्न) को कार्यकारी समितिद्वारा मूलरूपमा तयार पारिएको संयुक्त मोर्चाको नीतिले 'एकतावद्ध पुँजीपतिहरू विरुद्ध हरेक व्यावहारिक काममा सबै मजदुर संगठनहरूको अधिकतम् सम्भव भएसम्मको एकता' को आह्वान गरेको थियो साथै क्रान्तिकारी समाजवादीहरू र अन्य सहभागी धाराहरूलाई पूर्ण स्वायत्तता र आफ्नो दृष्टिकोण प्रस्तुत गर्ने स्वतन्त्रताको सुनिश्चितता पनि दिएको थियो। संयुक्त मोर्चा नीतिको विकासक्रममा अस्पष्टता एवम् गलत कदमहरू रहेका थिए र सुधारका कामहरू भएका थिए। यसको निर्माणमा प्रमुख प्रेरक शक्तिका रूपमा मजदुरवर्गका आमपंक्तिको सोचाई र पहलकदमी तथा उनीहरूका तात्कालिक आवश्यकताहरू तथा आधारभूत मानव अधिकारका लागि संघर्ष अत्यावश्यक रहेको थियो।

श्रमिक आन्दोलनका विविध प्रवृत्तिहरूसँग कार्यगत एकता निर्माण गर्ने पहलहरूको इतिहास प्रथम अन्तर्राष्ट्रिय र त्यसले बेलायती ट्रेड युनियनवादीहरू र फ्रान्सका अगस्ट ब्लांकी र पियरे-जोसेफ प्रुधोंका अनुयायीहरूसंग सम्बन्ध निर्माण गर्ने प्रयासका साथै सन् १९१७ भन्दा पहिले रुसमा बोल्सेभिक पार्टीद्वारा गरिएका पहलहरूसम्म पनि पुग्दछ। सन् १९२१ डिसेम्बरको कोमिनटर्न नीति-वक्तव्यले बोल्सेभिक नजीरलाई उद्धृत गरेको थियो तर त्यो क्रान्तिकारी संघर्षमा आएको मन्दीको सन्दर्भमा तत्कालिक आवश्यकताहरूको प्रतिक्रियास्वरूप तयार गरिएको थियो। त्यसपछिका दशकहरूमा क्रान्तिकारी समाजवादीहरूले संयुक्त मोर्चाका रणनीतिहरूलाई धेरै फरक परिस्थितिहरूमा प्रयोग गरेका छन्, जसमा हालका वर्षहरूमा साम्राज्यवादी युद्धहरूको विरोध गर्न, मुक्ति संघर्षहरूलाई समर्थन गर्न र फासीवादी समूहहरूबाट हुने हिंसाको खतराको सामना गर्न पनि यसको प्रयोग भएको छ। संयुक्त मोर्चामार्फत् गरिने संघर्ष क्रान्तिको बाटोमा एउटा कदम हो र साथसाथै तत्काल सुधार हासिल गर्नका लागि एक प्रभावकारी साधन पनि हो।

*संयुक्त मेर्चा निर्माणको पहल र प्रयत्न*

माथि नै उल्लेख गरिसकिएको छ कि संयुक्त मोर्चा नीतिको सुरुवात सन् १९२१ डिसेम्बर मा कम्युनिष्ट इन्टरनेशनल (कमिन्टर्न) संगै पुँजीवादका विरुद्ध विभिन्न श्रमिक संगठनहरूलाई एकताबद्ध गर्ने रणनीतिक साधनको रूपमा भएको थियो। लेनिनवादी सिद्धान्त र सन् १९१७ को रूसी क्रान्तिमा आधारित यो मोर्चा क्रान्तिकारी समाजवादीहरूलाई उनीहरूको स्वतन्त्रता कायम राख्दै कार्यगत एकता निर्माणगर्ने अनुमति प्रदान गर्न औपचारिक रूपमा विकसित गरिएको थियो। यो रणनीति पछि सन् १९२० को दशकमा चीनमा साम्राज्यवाद विरोधी गठबन्धनमा विकसित भयो। यसलाई चिनियाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओले क्रान्तिका तीन जादुगरि हतियार मध्ये एउटा हो भनेर उल्लेख गरेका थिए। अहिले विश्वभरका क्रान्तिकारी तथा परिवर्तनकारी पार्टी तथा संगठनहरूलाई एकजुट बनाएर फासिवाद तथा साम्राज्यवादका विरुद्धको संघर्षलाई अगाडि बढाउन र क्रान्तिकारी आन्दोलनलाई सुदृढ तुल्याउन विभिन्न स्तरमा पहलकदमीहरू भैरहेका छन्। यहाँ ती प्रयत्न र पहलहरूका बारेमा संक्षिप्त चर्चा गर्ने प्रयत्न गरिएकोछ।

१. क्रान्तिकारी पार्टी तथा संगठनहरूको अन्तर्राष्ट्रिय समन्वय (ICOR)ः क्रान्तिकारी पार्टी तथा संगठनहरूको अन्तर्राष्ट्रिय समन्वय (इन्टरनेशनल कोअर्डिनेशन अफ रिभोल्यशनरी पार्टीज एन्ड अर्गनाइजेशन-ICOR) व्यावहारिक सहयोगको लागि एक संघ र विश्वका क्रान्तिकारीहरूको गतिविधि तथा वर्ग सङ्घर्ष र पार्टी निर्माणमा पारस्परिक सहयोगका लागि अन्तर्राष्ट्रिय सहयोग र समन्वयको एक रूप हो। यसले आकार, व्यावहारिक, संगठनात्मक र राजनीतिक अनुभव, ऐतिहासिक-वैचारिक आधार, रणनीतिक कार्य र सामाजिक-आर्थिक अवस्थाहरूको हिसाबले धेरै फरक-फरक पार्टी र संगठनहरूलाई समान आधारमा एकताबद्ध गर्दछ। स्थापनाकालको संकल्प-प्रस्तावमा क्रान्तिकारी, साम्राज्यवाद-विरोधी, संशोधनवाद-विरोधी र ट्रोट्स्कीवाद-विरोधी एजेन्डा समावेश रहेकोछ जसले सैद्धान्तिक छलफल र व्यावहारिक कामको अन्तरसम्बन्धित प्रक्रियाद्वारा सबै आवश्यक प्रश्नहरूमा एकता हासिल गर्ने आधार तयार गर्दछ। सबै क्ष्क्इच् सदस्य पार्टी र संगठनहरूका प्रतिनिधिहरूको विश्व सम्मेलन सर्वोच्च निर्णय-गर्ने निकायको रूपमा हरेक तीन वर्षमा आयोजना हुन्छ। अन्तर्राष्ट्रिय सङ्घर्षका दिनहरू (इन्टरनेशनल डेज अफ स्ट्रगल) को संयुक्त कार्यान्वयन व्यावहारिक सहयोगको लागि एक प्रशिक्षण भूमि हो।

२. अन्तर्राष्ट्रिय जन संघर्ष संघ (ILPS)ः अन्तर्राष्ट्रिय जन संघर्ष संघ (इन्टरनेशनल लिग अफ पिपल्स स्ट्रगल-ILPS) एक साम्राज्यवाद-विरोधी र जनतान्त्रिक संगठन हो। यसले साम्राज्यवाद र सबै प्रतिक्रियावादविरुद्ध विश्वका जनताका साम्राज्यवाद-विरोधी र जनतान्त्रिक संघर्षहरूलाई प्रवर्द्धन, समर्थन र विकास गर्दछ। यसको व्यापक जन-चरित्र छ र यो कुनै पनि राजनीतिक दल, सरकार वा धर्मको अधीनमा छैन र सहभागी सबै संगठनहरूलाई समानता प्रदान गर्दछ। यसले विश्वभरिका साम्राज्यवाद-विरोधी र प्रजातान्त्रिक संघर्षहरूको एकता, सहयोग र समन्वयलाई साकार पार्न प्रयास गर्दछ।

३. फासीवाद, युद्ध र वातावरणीय विनाशविरुद्धको अन्तर्राष्ट्रिय साम्राज्यवाद-विरोधी संयुक्त मोर्चा (United Front)ः फासीवाद, युद्ध र वातावरणीय विनाश विरुद्धको अन्तर्राष्ट्रिय साम्राज्यवाद-विरोधी संयुक्त मोर्चा (द एन्टि-इन्टरनेशनल युनाइटेड फ्रन्ट अगेन्स्ट फासिजम, वार एन्ड इन्भाइरोमेन्टल डिजास्टर-United Front) भनेको मानव र प्रकृतिको पुँजीवादी तथा साम्राज्यवादी लुटपाट विरुद्ध सिमाना नाघेर एकजुट हुन र शोषण तथा दमनरहित समाजको लागि संगठित संघर्षमा आफ्ना गतिविधिहरूमा सहयोग र समन्वय गर्नका लागि हरेक सामाजिक क्षेत्र वा भौगोलिक क्षेत्रका साम्राज्यवाद-विरोधी संगठनहरू र पार्टीहरू, आन्दोलनहरू र व्यक्तिहरूको एक संघ हो। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले क्रान्तिकारी संयुक्त मोर्चा नेपालमार्फत् अघिल्ला दुईवटा संस्थाहरूमा आवद्ध रहेकोछ भने तेस्रो संस्थासंग मैत्रीपूर्ण सम्बन्धमा रहेकोछ।

*सन्दर्भ सामाग्रीहरूः*

**पाद टिप्पणीहरू**

(१)साहेल क्षेत्र अफ्रिकाको एक अर्ध-शुष्क क्षेत्र हो, जुन उत्तरमा सहारा मरुभूमि र दक्षिणमा बढी आर्द्र सवानाहरू (घांसे मैदान) बीचको संक्रमण क्षेत्रको रूपमा काम गर्दछ। यो पश्चिममा एट्लान्टिक महासागरदेखि पूर्वमा लाल सागरसम्म करिब ५,००० किलोमिटर फैलिएको छ। साहेलले मौरिटानिया, माली, नाइजर, चाड, सुडान, बुर्किना फासो र सेनेगल जस्ता धेरै देशहरूका केही भागहरू समेट्छ। (२)अस्सिरिया प्राचीन मेसोपोटामियाको एक अधिराज्य थियो जुन मेसोपोटामियाको उत्तरी भागमा अवस्थित थियो, जुन अहिले आधुनिक इराकको हिस्सा हो। यो लगभग ईसा पूर्व ९औं शताब्दीमा एक प्रमुख साम्राज्यको रूपमा उदाएको थियो र यसको विस्तारित विजयहरू, उन्नत संस्कृति, र मानव सभ्यतामा महत्वपूर्ण योगदानकालागि परिचित रहेकोछ। (३) अक्कादिया साम्राज्यलाई लगभग ईसा पूर्व २३३४ देखि २१५४ सम्म फस्टाएको विश्वको पहिलो प्राचीन साम्राज्यहरूमध्ये एक मानिन्छ। यस्को उदय मेसोपोटामियामा भयो जहां अक्कादिया र सुमेरियन संस्कृतिहरू सम्मिलित भएका थिए।

**इ-पुस्तकहरु**

(१)साम्राज्यवादः एक अध्ययन -जोन हब्सन (द अनलाइन लाइब्रेरी अफ लिबर्टी), न्यूयोर्क, जेम्स पोट एन्ड कं., १९०२। (२)साम्राज्यवाद, पूंजीवादको उच्चतम चरणः एक लोकप्रिय रूपरेखा -भ्लादिमिर इल्यिच लेनिन, लेनिन इन्टरनेट आर्काइभ २००५। (३) नव-औपनिवेशवादः साम्राज्यवादको अन्तिम चरण -क्वामे नक्रुमाह, ञबचहष्कतक.यचन का लागि सन् २०२३ मा जेनेट ब्ल्याकक्विलद्वारा भउगद मा रूपान्तरण गरिएको।

**विधान तथा बडापत्रहरु**

(१) ICOR को विधान (पाँचौ विश्व सम्मेलनद्वारा संशोधित, अक्टोबर २०२४)। (२)अन्तर्राष्ट्रिय जन संघर्ष संघको बडापत्र (सातौं अन्तर्राष्ट्रिय सभा पेनाङ, मलेसिया द्वारा संशोधित र अनुमोदित, २१ जुन २०२४)। (३)फासीवाद, युद्ध र वातावरणीय विनाश विरुद्धको अन्तर्राष्ट्रिय साम्राज्यवाद विरोधी संयुक्त मोर्चाको विधान-२०२४।

**वेवसाइटहरु**

1. www.icor.info
2. www.united.front.info
3. www.wikipedia.org
4. www.peoplesstruggle.Org
5. www.marxists.org

## अमेरिकी...

साझेदार राष्ट्रको रूपमा सम्झौता गर्ने भित्री डिजाइन भइरहेको छ कि भन्ने गम्भीर आशंकाहरू जन्मिरहेका छन्।

कतिपय भूराजनीतिक विश्लेषकहरूले भारत र बेलायतमा जस्तै अमेरिकी सेनामा पनि भर्ती खोल्ने तयारी भइरहेको र तालिमका लागि झापाको औद्योगिक पार्कलाई छनौट गरिएको सूचना सम्प्रेषण गरिरहेका छन्।

एक सूचना स्रोतका अनुसार नेपालमा प्रधानमन्त्रीको शपथ खाए लगत्तै अमेरिका भ्रमणका लागि प्रधानमन्त्री बालेन्द्र शाहलाई निम्त्याइने र त्यसैक्रममा कुनै सैन्य सम्झौतामा हस्ताक्षर गराउने तयारी भइरहेको छ। उता भारतले सपथ खाएलगत्तै पहिलो भ्रमण भारतमा गराउन पहल गरिरहेको स्रोतले दावी गरेको छ।

## नेपालमा...

बनाउन दलाल पुँजीपति वर्गको फौज निर्धारण गर्न सधै सक्रिय छ। यहाँको नोकरशाही पुँजीपतिवर्गसँग गहिरो साइनो छँदैछ। राष्ट्रिय पुँजीपतिवर्ग स्वतन्त्र रूपले उठ्न पाउँदैन। नेपाल निर्मित वस्तुले खुला बजार पाउँदैनन्। खाद्य पदार्थ मध्ये धेरैमा देश आत्मनिर्भर छ। तर सत्ताको निस्क्रियताले बजारको अभाव हुँदा कृषक उत्पादनमा निस्क्रिय छन्। जग्गा बाँझै छन्। खानेवस्तु बाहिरबाट भित्र्याउनुपर्छ। रोजगार विहीनहरू भारतसमेत विदेशका कुनाकाप्चामा तँछाडमछाड गर्दै कुदिरहेका छन्। यसमा पनि भारतीय दबाब पहिलो दर्जामा पर्दछ। नेपालको संस्कृतिमा भारतको प्रभाव जस्तै शिक्षा संस्थाहरू साहित्यिक फाँटहरू , संगीत, कलामा नमेटिनसक्नु छाप छ। राजनीति हिसावमा दृष्टि दिंदा दार्जलिङ पहिले नै भारतको अंग भैसकेको थियो। सिक्किम स्वतन्त्र थियो। त्यो पनि भारतले नै कब्जा गऱ्यो। भुटानको पृथक अस्तित्व नक्सामा मात्र छ, अरु भारतले नै हेर्छ। नेपाललाई त्यसै दर्जामा राख्ने चेष्टा पूर्णरूपले सफल हुन सकेको छैन। किनकि नेपालको जनचेतना धेरै माथि छ। आठदशकको इतिहास हेर्दा, पुँजीवादी गणतन्त्र र जनगणतन्त्रको निम्ति ठूला ठूला संघर्ष भए अन्यथा यसको दशा के हुन्थ्यो भन्न सकिंदैन। शाही सत्ताले लुटेको यो देश पुँजीवादी गणतन्त्रवादीले पनि कंगालै बनाए।

अमेरिकी हस्तक्षेप आक्रमण धेरै लामो समयदेखि व्याप्त छ। इतिहासमा समय समयमा भएका घटनाहरू साक्षी छन्, कल्पना हैन, अहिले हिन्द प्रशान्त क्षेत्रमा केन्द्रित छन्। चीनको कम्युनिस्ट पार्टी र त्यसमा महान नेता माओ-त्सेतुङले तीनदशकसम्म कठोर संघर्ष गरेर साम्राज्यवाद र घरेलु प्रतिक्रियावादयुक्त गरेको देश छिटै नै आर्थिक विकासको चरमचुलीमा पुग्यो। जनताको राज्यको यस ठूलो अभियानले अमेरिकी साम्राज्यवाद र त्यसको गठबन्धनलाई असह्य पीडा भएको छ। त्यसैले यो कदम उसलाई चाल्न परेको हो। दुई ठूला विशाल शक्तिशाली देश भारत र चीन बीच अवस्थित यो सानो देश नेपाल हो। भारतको शक्तिमा दिन प्रतिदिन वृद्धि हुँदा चीन र भारतमा सजिलरी हस्तक्षेप गर्न नसक्ने देखेर नेपालमा घुस्न रुचि बढाएको हो।

नेपालमा बलियो स्टेशन बनाउन आतुर भएको हो।यहीबाट दुवै देशलाई नियन्त्रण गर्ने उसको इरादा हो। भारतले पनि आफू सुरक्षित भएको नठाने हुन्छ। उसको लागि शिक्षा यही हो। यद्यपि चीनको नेतृत्वमा अमेरिकी साम्राज्यवाद विरोधी शक्ति दिनप्रतिदिन अगाडि आउँदैछ। उसको एकाधिकारवादी शक्ति दिगो हुँदैछ। डलर साम्राज्यलाई विस्थापित गर्न विकस अन्तर्गतका देशहरू (ब्राजिल, रुस, भारत, चाइना र दक्षिण अमेरिका, अफ्रिका) कम्मर कसेका छन्। तर पनि विनाशकारी साम्राज्यवादी अमेरिका बलियो छ। नेपालमा पनि यो हस्तक्षेप चानचुने उद्देश्यले गरिएको छैन, यो पूरै योजनाका साथ देशहरूलाई नियन्त्रणमा राख्ने राजनीति अन्तर्गत पर्छ। हरेक देशभक्त, राष्ट्रवादी वामपन्थी, साम्राज्यवादी विरोधी नेपाली जनता सदा सतर्क हुनै पर्छ। अन्यथा देशको अस्तित्व संकटमा पर्ने भय रहिरहने छ। अमेरिकी हस्तक्षेप स्वरूप नेपालमा एमसिसि कार्यक्रम संसदद्वारा पारित गराएको, एसपिपिलाई वैधानिकता दिन आतुर रहेको। भाद्र २३-२४ गतेको घटना र तत्कालिन संविधान अन्तर्गत रहेर सुशीला कार्कीको सरकार नियुक्ति गराएको र त्यसैले गठबन्धनको सरकार बर्खात गरी ०८४ को निर्वाचन ०८२ मा गराउँछौं। संसद विगठन पश्चात् घोषणा गराएको अमेरिकी योजनालाई नेपालको मात्र मामिला सम्झिनु भयंकर भूल हुनेछ। अमेरिकी साम्राज्यवाद सबैको लागि मित्रवत व्यवहार गर्दैन। दुईचार दिनका घटना हेर्दा इरान र मध्यपूर्वमा जे भैराखेको छ त्यसले देखाउँछ। विश्व जनमतले कतै तेस्रो महायुद्ध भोग्नु पर्ने त हैन। यसलाई रोक्न सक्ने शक्ति अमेरिकी साम्राज्यवाद विरोधी राष्ट्र र जनतामा मात्र छ।

२००७ सालमा तत्कालिन निरंकुश सामन्ती वंशीय राजतन्त्र (श्री३) विरुद्ध राजनीतिक क्रान्ति भयो। नीजि सत्ता फालियो। पुँजीवादी लोकतन्त्रको विउ रोपियो तर लोकतन्त्र अगाडि बढ्न सकेन। एक दशक भित्र अर्को त्यही चरित्रको वंश (श्री ५) ले निमोठिदियो। ०६५ सालसम्म दवेको दवै भयो। त्यसपछि बढ्ने मौका पाएको थियो , गणतन्त्र मात्र हात पाऱ्यो। व्यवस्था जस्ताको तस्तै। संसदीय व्यवस्था स्थापित भयो, त्यस व्यवस्थाले अरु केही गरेन वरु मरिसकेको राजतन्त्रलाई व्यूँताइदियो। यसमा नायक कांग्रेस, कम्युनिस्टले त्यसैसँग हात मिलाए। त्यसैले साम्राज्यवादी विस्तारवादीको विरोध गर्ने अहिले कोही छैन।

२००७ सालको राजनैतिक क्रान्तिपछि एकहत्तर, बहत्तर वर्षपछि नयाँ पार्टी जन्मेका छन्। अमेरिकी तथा अन्य सुसम्पन्न देशमा नागरिकता पाइसकेका, सोझा नेपाली समाजमा घुसी फाइदा लिन जानेकाहरू प्रशस्त छन्। कमाएकाहरू अझ बढी धन कमाउने स्वर्णीम थलो नेपाल नै हुन सक्छ भन्ने ठानेर नेपालमा छिरि प्रशस्त धन दौलत आर्जन गरिसकेकाले राजनीति गर्ने पनि राम्रो थलो यसैलाई माने पहिलो पटकमा नै अमरिकी नागरिक नेपाली गृहमन्त्री पड्काए। ती हुन रविलामिछाने। रास्वपा पार्टी खोलेर बसेका छन्। अर्का व्यक्ति हुन वीवीसी जस्तो सामाजिक संजालमा नाम कमाएका नेपालमा आएर आफ्नो पेशा छोडी राजनीतितिर लागेर र भूपू राजाको पार्टी राप्रपामा ठूलै पद पाएर गदगद थिए। जो फागुन २१ गतेको निर्वाचनमा पराजित भएपछि राजीनामा दिएका छन्। धनको मुहानमा बसेको समझेका छन्। यी सबै रवि रविन्द्रले नेपालमाथिको हस्तक्षेप, नेपालका राष्ट्रिय मुद्दाहरूमा एक शब्द चुं गरेर बोल्दैनन्।

अर्काथरी मधेशवादी दलहरू पनि छन्। यिनलाई नेपालको राष्ट्रियता सम्बन्धमा कुनै मतलव हुँदैन। यिनी मध्ये पनि कोही पार्टी र जनता फरक चरित्रबाट छन्। राष्ट्, राष्ट्रियताप्रति यिनीहरूको झुकाव हुन्छ। शक्ति र भक्तिमा यिनी फरक छन्। बाह्य हस्तक्षेको विरोधमा सक्रिय हुन्छन्।

## साम्राज्यवाद...

अर्पण गरी बैठकको प्रारम्भ गरियो।

२) बैठकले गत केन्द्रीय समितिको चौथो पूर्ण बैठकद्वारा पारित संसदीय चुनाव बहिष्कारको कार्यनीति कार्यान्वयन गर्न तय गरिएको कार्यक्रमवारे समीक्षा गरेको छ, जस अनुसारः क) सामान्यतः बहिष्कारको कार्यनीति दलाल संसदीय राज्यव्यवस्थालाई कमजोर बनाउन, जनसमुदायको क्रान्तिकारी भावना र क्रान्तिकारी चेतना बचाउन, पार्टीलाई ज्वारभाटाका विरुद्ध जानका लागि अभ्यस्त बनाउन, पार्टीको स्वतन्त्र पहिचान स्थापित गर्न, नेता तथा कार्यकर्ताहरूलाई कार्यक्रममा सक्रिय राख्न सफल भएको छ; ख) कठपुतली सरकारको निर्वाचन आयोगद्वारा घोषणा गरिएको मतदाता संख्या प्रतिशतभन्दा निकै कम मतदाताले मतदान गरेको, दार्चुलाका दुईवटा, दाङका दुईवटा, दोलखाको एकवटा र ओखलढुंगाको एकवटा गरी छ वटा मतदान केन्द्रका जनताले बहिष्कार गरी खाली मतपेटिका पठाइदिनुले बहिस्कारको औचित्य प्रमाणित भएको छ र संसदीय व्यवस्था अझै नाङगिएको छ; ग) यो निर्वाचन साम्राज्यवाद र विस्तारवादद्वारा प्रायोजित हो भन्ने कुरा "जेन्जी विद्रोह" का नाममा सरकार परिवर्तन गरी चुनाव गराइनु, बालेन र रवि जस्ता पात्रहरू खडा गरी स्टन्टबाजीका साथ वर्षौंदेखि पूर्वाभ्यास गरिरहेको कुरा नेपाली जनताका लागि रहस्यमा राख्नु, ठुला भनिएका संचारगृह कब्जा गरी मास हिस्टेरिया पैदा गर्नु, रास्वपा उम्मेद्वार र अन्य पार्टीका उम्मेद्वारबीच म्यानिपुलेशन द्वारा जमीन-आकाशको मतान्तर गराइनु, पैसाको खोलो बगाएर राज्यसत्ताका सम्पूर्ण अंग किनिदिनु, चुनावको नतिजा आउँदा नआउँदै अमेरिकाले नयाँ सरकारसँग सुरक्षा सहकार्य गर्ने भनी वक्तव्य दिनु, पूर्व सरकारद्वारा एसपीपी (राज्य साझेदारी कार्यक्रम) स्वीकृत नभएको स्थितिमा स्वीकृत गराउने प्रक्रियागत श्रृंखला तयारीमा राखिनुले स्पष्ट पारेको छ; घ) अतः समग्र घटनाक्रमबाट शिक्षा लिएर क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले राष्ट्रिय स्वाधीनताको विषयलाई प्रमुख मुद्दा बनाउँदै साम्राज्यवाद विरोधी संयुक्त मोर्चा आजको आवश्यकता महसुस गरेको छ र आगामी कार्यक्रम त्यसमा केन्द्रित गरिनेछ।

३) हामी आदरणीय जनसमुदायलाई आह्वान गर्दछौं कि कुनै ठोस परिस्थितिमा कम्युनिस्ट पार्टीले संसद्मा बहुमत प्राप्त गरेर सरकारमा सहभागी भएको भए पनि यसले संसद र सरकारको पूँजीवादी वा नेपालको सन्दर्भमा दलाल पूँजीवादी स्वरूप बदलिँदैन वा पुरानो राज्यसत्तालाई चक्काचूर पारी नयाँ राज्यसत्ता स्थापना गर्ने काम बाँकी रहन्छ भन्ने कुरा एमाले र माओवादीको संसद तथा सरकार प्रवेश र पतनले पुष्टि गरेको छ। यसबाट आधारभूत सामाजिक परिवर्तन पनि गर्न सकिदैन। त्यसकारण क्रान्तिकारी कम्युनिस्ट पार्टीले पुरानो राज्य सत्तामा आमुल परिवर्तन गरी नयाँ राज्यसत्ता स्थापना गर्न आफ्नो सम्पूर्ण तागत केन्द्रित गर्नुपर्दछ।

## भूराजनीतिक

कमाण्डको ठूलो सहभागिता रहने गरेको छ।

३- प्यासिफिक एन्जल- विशेषगरी हवाई उद्धार र मेडिकल सहायतामा केन्द्रित यो अभ्यासको पछिल्लो संस्करण सन् २०२४ सेप्टेम्बरमा काठमाडौं, मकवानपुर र धादिङमा भएको थियो।

४- म्च्भ्भ (म्ष्कबकतभच च्भकउयलकभ भ्हभचअष्कभ बलम भ्हअजबलनभ अमेरिकी सेनाको प्यासिफिक कमाण्ड र नेपाली सेनाबीच हुने यो अभ्यास भूकम्प र बाढी जस्ता विपद्को प्रतिकार्यका लागि गरिन्छ।

५- त्भभचतज - यो अभ्यास विशेषगरी नेपाली सेनाको रेन्जर गण र अमेरिकी विशेष फौजबीच हुने गर्दछ।

अमेरिकी सैन्य सहयोग

नेपाली सैन्य स्रोतका अनुसार अमेरिकाले नेपाली सेनालाई 'मानवीय सहायता', विपद् व्यवस्थापन' 'शान्ति स्थापना'मा क्षमता अभिवृद्धि गर्ने खालका रहेका छन्।

अमेरिकाले एसपीपी कार्यक्रम अन्तर्गतका स्काई ट्रकहरू दिएको छ। पछिल्लो पटक जेनजी विद्रोह हुनुभन्दा चार दिनअघि सेप्टेम्बर ४, २०२५ मा अमेरिकाले थप दुईवटा :२८ स्काईट्रक विमानहरू नेपाली सेनालाई हस्तान्तरण गरेको थियो। यसमध्ये एउटा 'एयर एम्बुलेन्स'को रूपमा प्रयोग गर्न मिल्ने उपकरण जडान गरिएको छ। हालसम्म अमेरिकाले नेपाली सेनालाई एसपीपी अन्तर्गतकै ५ वटा स्काईट्रक दिइसकेको छ।

त्यसैगरी अमेरिकी सरकारले हालै दुईवटा वेल हेलिकप्टर दिने घोषणा गरेको सम्बन्धित स्रोतले जानकारी दिएको छ।

अमेरिकी उप-विदेशमन्त्री रिचार्ड वर्माले नेपाल भ्रमणका क्रममा नेपालको हेलिकप्टर र ड्रोन क्षमता बढाउन १०० मिलियन डलर (करिब १३ अर्ब रूपैयाँ) बराबरको वैदेशिक सैन्य आर्थिक अनुदान दिने प्रतिवद्धता व्यक्त गरेका थिए।

द्वन्द्वकाल र त्यसपछिका वर्षहरूमा नेपाली सेनाको आधुनिकीकरणका लागि भन्दै अमेरिकाले एम-१६ र एम-४ राइफल सन् २००२ देखि करिब २०,००० भन्दा बढी आधुनिक हतियार दिएको छ। यी हतियारहरू विशेष गरी नेपाली सेनाका 'विशेष फौज' (ख्क्ष्ए सुरक्षा र रेन्जर गण) ले प्रयोग गर्ने गरेको छ। त्यस्तै रातीको समयमा खोज तथा उद्धार र निगरानीका लागि प्रयोग हुने 'नाइट भिजन चस्मा' र थर्मल उपकरणहरू पनि दिएको छ।

संयुक्त राष्ट्रसंघको शान्ति मिसनमा जाने नेपाली सैनिकहरूको सुरक्षाका लागि विभिन्न समयमा बख्तरबन्द गाडीहरू र गाडीका पार्टपुर्जाहरू सहयोग गर्ने गरेको छ। 'मोबाइल फिल्ड हस्पिटल' र मेडिकल उपकरणहरू लगायत दिएको छ।

*अस्वभाविक अमेरिकी सैन्य कमाण्डरहरूको भ्रमण*

नेपाल एउटा सानो मुलुक हो। यो सानो मुलुकमा किन अमेरिकी सेनाका युद्ध क्षेत्रका ख्यातीप्राप्त सैन्य कमाण्डरहरू आइरहेका छन् ? नेपालमा उनीहरूको रणनीतिक स्वार्थ के छ ? किन नेपाली सेनालाई सैन्य उपकरणहरू अनुदानमा उपलब्ध गराइरहेको छ ? यी प्रश्नहरू आम नेपालीको मनमा उब्जिरहेको छ। यसको सिधा उत्तर हुन्छ- नेपालका छिमेकीहरूको विश्व शक्तिको रूपमा भइरहेको उदयलाई रोक्न। अमेरिका नेपाली भूमि, नेपालको प्राकृतिक तथा मानवीय स्रोत साधनको प्रयोग गरेर दुवै छिमेकीको बढ्दो प्रभावलाई रोक्न चाहन्छ। अमेरिका दक्षिणी छिमेकी भारतलाई समेत सँगै चीनका विरुद्ध प्रयोग गर्न चाहिरहेको छ। नेपालमा जेनजी विद्रोहपछि भएको निर्वाचनको मुखमा अमेरिकी सेनाका चार तारे जर्नेल काठमाडौं आएका थिए र अहिले निर्वाचन सकिएलगत्तै अर्का डेपुटी कमाण्डर आएका छन्। अमेरिकी सेनाको यो भ्रमणलाई एसपीपी सम्झौताको गृहकार्यका रूपमा हेरिएको छ।

मार्च १५ देखि १७ सम्मका लागि आइतबार लेफ्टिनेन्ट जनरल जोएल "जेबी" भोवेल काठमाडौं आइपुगेका छन्। उनले नेपाली सेनाका प्रमुख अशोक सिग्देलसँग बाँकी ८ पेजमा

## आलोपालो

# नेपालमा विदेशी हस्तक्षेप

***अमेरिकी हस्तक्षेप आक्रमण धेरै लामो समयदेखि व्याप्त छ । इतिहासमा समय समयमा भएका घटनाहरू साक्षी छन्, कल्पना हैन, अहिले हिन्द प्रशान्त क्षेत्रमा केन्द्रित छन् । चीनको कम्युनिस्ट पार्टी र त्यसमा महान नेता माओ-त्सेतुङले तीनदशकसम्म कठोर संघर्ष गरेर साम्राज्यवाद र घरेलु प्रतिक्रियावादयुक्त गरेको देश छिटै नै आर्थिक विकासको चरमचुलीमा पुग्यो । जनताको राज्यको यस ठूलो अभियानले अमेरिकी साम्राज्यवाद र त्यसको गठबन्धनलाई असह्य पीडा भएको छ । त्यसैले यो कदम उसलाई चाल्न परेको हो ।***



● शालिकराम भण्डारी ●

नेपालमाथि भारतीय हस्तक्षेप अंग्रेजी औपनिवेशिक शासन त्यहाँ स्थापित भएपछि प्रत्यक्ष रूपमा हुन लागेको हो । नेपाल सधै स्वतन्त्र थियो तर स्वतन्त्रताको पूर्ण उपयोग कहिल्यै गर्न सकेन । पहिले शाहवंशद्वारा निरंकुशसत्ता धेरै समयसम्म अगाडि बढाइयो, पछि त्यस्तै वंशले देशको शासनमा हक जमायो, त्यो वंश थियो राणा । यसले १०४ वर्ष सम्म अति निरंकुश तानाशाही विधि प्रयोग गऱ्यो । जनता देशमा चारैतिर जंगली अवस्थामा थिए, त्यो अन्धकारमा प्रकाश कतै थिएन । जे थियो शाह, राणा वंशका अति निकटका नातेदार र राज्यका आवश्यक पर्ने अंगहरूमा सीमित थियो । बाहिर जान पाउँदैनथ्यो । बाँकी जनताले तिनैको सेवा मात्र गर्दथे । छिमेकी देश भारतको अवस्था पनि नाजुक थियो । स्वदेशी भुरे टाकुरे राज्यको शोषण, दमन मात्र थिएन, औपनिवेशिक शासनले जरा गाडिसकेको थियो । डेढसय वर्षभन्दा बढी निरन्तर संघर्ष गरेर भारतीय जनताले मुक्ति स्तन्त्रता पाए, रुसले सर्वहारा वर्गको क्रान्ति सफल गऱ्यो, चीनले पनि मुक्ति संग्राम हात पाऱ्यो । यी सबै अन्तर्राष्ट्रिय माहोलको छाप नेपालमा पनि गहिरो गरी पऱ्यो । फलस्वरूप १०४ वर्षसम्म मनपरी शासन गरेको एउटा जहानिया सत्ता फालियो । २००७ सालमा जनताले केही हदसम्म स्वतन्त्रता हासिल गरे । पुँजीवादी लोकतन्त्रको विउ रोपियो । नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवाद प्राप्त गर्ने ध्येयले कम्युनिस्ट पार्टी नेपालको पनि एक वर्ष पहिले जन्म भैसकेको थियो । सुस्तसुस्त हुकिँदै थियो ।

स्वतन्त्र पुँजीवादी लोकतान्त्रिक गणतन्त्र भारतले नेपालप्रतिको नीतिमा परिवर्तन ल्याउने आशा राखिएको थियो । तर त्यस्तो उसलाई मन परेन । पुरानै औपनिवेशिक नीति नै प्यारो लाग्यो । त्याग्न सकेन । रूप रंगमा केही फरक पारेर, उसका भू.पू. मालिकहरूले उपभोग गरेको नीति जारी राखेको छ । सहयोग, मैत्रीपूर्ण व्यवहार गरेको देखाउँछ । बोलीबचनमा सारै नरम भएर पेश हुन्छ । तर राजनीतिक, आर्थिक, सांस्कृतिक रूपको अनुहार बदलिएको स्वतन्त्र अस्तित्व भएकोमा अति कुशल ढंगले रोक लगाउँछ । नेपालको परराष्ट्र नीति अलिकति आफू अनुकूल घुम्न नसके आवश्यक अस्त्र प्रयोग गर्न हिचकिचाउँदैन । आफ्नो देशको वस्तु निर्यात गर्न, नेपाललाई एकलौटी बजार *बाँकी ७ पेजमा*


# सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं ।

**विविधतामा एकता, सद्भाव र सहिष्णुता ।**

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**


## भूराजनीतिक

भेटघाट गर्ने र काभ्रेस्थित सैन्य तालिम केन्द्रको पनि अवलोकन गर्ने स्रोतले जानकारी दिएको छ । उनीभन्दा पहिले फेब्रुअरी १२-१४ मा अमेरिकी इन्डो-प्यासिफिक कमाण्डका कमाण्डर एडमिरल पापारो नेपाल भ्रमणमा आएका थिए । उनले परराष्ट्रमन्त्री बालानन्द शर्मा र नेपाली सेनाका प्रधानसेनापति अशोक राज सिग्देलसँग भेट गरे । उनले पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रको अवलोकन गरे र नेपालको शान्ति स्थापना कार्यको प्रशंसा गरे ।

त्यसअघि २०२४ को नोभेम्बर ८-१२ मा अमेरिकी इन्डो-प्यासिफिक कमाण्डका डेपुटी कमाण्डर जोशुवा एम. रुडले पनि नेपालको भ्रमण गरेका थिए । उनले पनि प्रधानसेनापति अशोक राज सिग्देलसँग भेटका साथै वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र र शिवपुरीस्थित सैनिक कमाण्ड तथा स्टाफ कलेजको भ्रमण गरेका थिए ।

त्यसैगरी २०८० को फागुन १४ गते अमेरिकी इन्डो-प्यासिफिक कमान्डका कमान्डर एडमिरल जोन सी. एक्युलिनोले नेपालका प्रधानसेनापतिसँग भेटघाट गरे । एक्युलिनोले तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र उपप्रधानमन्त्री पूर्णबहादुर खड्कासँग छुट्टा-छुट्टै शिष्टाचार भेटवार्ता गरेका थिए ।

त्यस्तै अमेरिकी सेनाको प्रशान्त क्षेत्रका कमाण्डिङ जनरल चार्ल्स ए. फ्लिनले चार दिने औपचारिक भ्रमण गरेका थिए । उनले ९-१२ जुन २०२२ मा भ्रमण गरेका थिए । उनले राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री शेरबहादुर देउवा, प्रधानसेनापति प्रभुराम शर्मासँग भेट गरेका थिए । उनले सगरमाथा आधार शिविको समेत भ्रमण गरेका थिए र नेपाली सेनालाई एक "भरपर्दो स्थल सेना"को संज्ञा दिएका थिए ।

त्यस्तै मेजर जनरल क्रिस्टोफर स्मिथ- अमेरिकी सेनाको प्यासिफिक कमाण्डका डेपुटी कमाण्डिङ जनरलले पनि २०२२ मा २२ सदस्यीय टोलीसहित नेपाल भ्रमण गरेका थिए ।

२०१९ मा अमेरिकाले आईपिएसको अवधारणा ल्याएपछि एडमिरल फिलिप डेभिडसन- इन्डो-प्यासिफिक कमाण्डरले पहिलो पटक नेपालको औपचारिक भ्रमण गरेका थिए ।

अमेरिकाको स्पष्ट विदेश नीति छ- सित्तैमा कसैलाई केही पनि नदिने । अमेरिकाले नेपालमा एमसीसी परियोजना सञ्चालन गरिरहेको छ । औपचारिक रूपमा क्याविनेट बैठकमा प्रस्तुत भइकन एसपीपी सम्झौता फिर्ता पठाइएको छ । एसपीपी सम्झौतालाई राजनीतिक तथा कानुनी वैधता दिनलाई नै जेनजी विद्रोह घटाइयो र नेपाली सेनाको समेत डिजाइनमा 'प्रो वेस्ट' शक्तिलाई सत्तामा पुऱ्याउन प्रायोजित चुनाव सम्पन्न गरियो । अब दुईतिहाई पुऱ्याएपछि संविधान समेत संशोधन गरी आफूनुकूलको सन्धि तथा सम्झौता गर्न अमेरिकाले प्रत्यक्ष परोक्ष रूपमा भूमिका खेलिरहेको स्रोतको दावी छ ।

अर्कोतिर अमेरिका नेपाली भूमि प्रयोग गरेर तिब्बत टुक्र्याउने योजना बुन्न पनि लागिपरेको छ । एक चीन नीति लिइरहेको नेपालमा १५ औं दलाई लामा जन्माउने भित्रभित्रै तयारी गरिरहेको छ । तिब्बतीयनहरू जेनजी विद्रोहपछि उत्साहित भएका छन् । र, अहिले खुल्लमखुल्ला गतिविधि गरिरहेका छन् । चिनियाँहरूले पनि चीनको सार्वभौमिकता र अखण्डताका विरुद्ध गतिविधि गरेको प्रमाणित तथ्य पाइएमा कडा प्रतिरोध गर्ने चेतावनी दिँदै आएको छ । रास्वपाको पक्षमा चुनावी परिणाम आएपछि अमेरिकी दूतावासले बधाई दिदै 'समृद्धि र सुरक्षा'का क्षेत्रमा सहकार्य गर्ने बताएको छ भने चीनले पनि 'रणनीतिक साझेदारी' को कुरा गरेको छ । यसबाट स्पष्ट देखिन्छ कि नेपाल भूराजनीतिको भुङ्ग्रोमा पर्दै गएको छ ।

नेपालको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको रक्षाका निम्ति अब सच्चा देशभक्त र क्रान्तिकारी शक्तिहरूले एकता वा संयुक्त मोर्चामार्फत् अमेरिकी साम्राज्यवादका यस्ता गतिविधिका विरुद्ध सशक्त रूपमा विरोध र भण्डाफोर गर्न जरुरी छ । यसका लागि क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले हालै गरेको निर्णय र अपिललाई दृढतापूर्वक आत्मसाथ गरेर अगाडि बढ्न जरुरी छ ।

### साम्राज्यवाद विरोधी संयुक्त मोर्चा आजको आवश्यकता

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको फागुन २४देखि २६ सम्म बसेको स्थायी समितिको बैठक सम्पन्न भएको छ । पार्टीका महासचिव गौरवको अध्यक्षतामा सम्पन्न भएको बैठकले गरेका निर्णयलाई एक प्रेस वक्तव्यमार्फत् सार्वजनिक गरिएको छ । पार्टीका प्रवक्ता सुदर्शनको हस्ताक्षरमा जारी वक्तव्यमा पार्टीले गरेको संसदीय निर्वाचन बहिस्कार समान्यतः सफल भएको निष्कर्ष निकालेको छ ।

वक्तव्यमा निर्वाचन बहिस्कार कार्यक्रम तथा कथित निर्वाचनका सम्बन्धमा ४ वटा बुँदामा पार्टीको धारणा सार्वजनिक गरिएको छ । जस अनुसारः "क) सामान्यतः बहिष्कारको कार्यनीति दलाल संसदीय राज्यव्यवस्थालाई कमजोर बनाउन, जनसमुदायको क्रान्तिकारी भावना र क्रान्तिकारी चेतना बचाउन, पार्टीलाई ज्वारभाटाका विरुद्ध जानका लागि अभ्यस्त बनाउन, पार्टीको स्वतन्त्र पहिचान स्थापित गर्न, नेता तथा कार्यकर्ताहरूलाई कार्यक्रममा सक्रिय राख्न सफल भएको छ; ख) कठपुतली सरकारको निर्वाचन आयोगद्वारा घोषणा गरिएको मतदाता संख्या प्रतिशतभन्दा निकै कम मतदाताले मतदान गरेको, दार्चुलाका दुईवटा, दाङका दुईवटा, दोलखाको एकवटा र ओखलढुंगाको एकवटा गरी छ वटा मतदान केन्द्रका जनताले बहिष्कार गरी खाली मतपेटिका पठाइदिनुले बहिस्कारको औचित्य प्रमाणित भएको छ र संसदीय व्यवस्था अझै नाङगिएको छ; ग) यो निर्वाचन साम्राज्यवाद र विस्तारवादद्वारा प्रायोजित हो भन्ने कुरा "जेन्जी विद्रोह" का नाममा सरकार परिवर्तन गरी चुनाव गराइनु, बालेन र रवि जस्ता पात्रहरू खडा गरी स्टन्टबाजीका साथ वर्षौंदेखि पूर्वाभ्यास गरिरहेको कुरा नेपाली जनताका लागि रहस्यमा राख्नु, ठुला भनिएका संचारगृह कब्जा गरी मास हिस्टेरिया पैदा गर्नु, रास्वपा उम्मेद्वार र अन्य पार्टीका उम्मेद्वारबीच म्यानिपुलेशनद्वारा जमीन-आकाशको मतान्तर गराइनु, पैसाको खोलो बगाएर राज्यसत्ताका सम्पूर्ण अंग किनिदिनु, चुनावको नतिजा आउँदा नआउँदै अमेरिकाले नयाँ सरकारसँग सुरक्षा सहकार्य गर्ने भनी वक्तव्य दिनु, पूर्व सरकारद्वारा एसपीपी (राज्य साझेदारी कार्यक्रम) स्वीकृत नभएको स्थितिमा स्वीकृत गराउने प्रक्रियागत श्रृंखला तयारीमा राखिनुले स्पष्ट पारेको छ; घ) अतः समग्र घटनाक्रमबाट शिक्षा लिएर क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले राष्ट्रिय स्वाधीनताको विषयलाई प्रमुख मुद्दा बनाउँदै साम्राज्यवाद विरोधी संयुक्त मोर्चा आजको आवश्यकता महसुस गरेको छ र आगामी कार्यक्रम त्यसमा केन्द्रित गरिनेछ ।"

### *यस्तो छ वक्तव्यको पूर्णपाठ*

२०८२ फागुन २४ र २६ गते क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको स्थायी समितिको बैठक महासचिव कमरेड गौरवको अध्यक्षतामा सम्पन्न भएको छ । उक्त बैठकले गरेका निर्णयहरू सार्वजनिक गर्न यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

१) महान् जनयुद्ध, ऐतिहासिक जनान्दोलन र राष्ट्रिय मुक्ति आन्दोलनहरूमा शहादत प्राप्त गर्ने वीर तथा विराङ्गनाहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरी बैठकको प्रारम्भ गरियो ।

२) बैठकले गत केन्द्रीय समितिको चौथो पूर्ण बैठकद्वारा पारित संसदीय चुनाव बहिष्कारको कार्यनीति कार्यान्वयन गर्न तय गरिएको कार्यक्रमवारे समीक्षा गरेको छ, जस अनुसारः क) सामान्यतः बहिष्कारको कार्यनीति दलाल संसदीय राज्यव्यवस्थालाई कमजोर बनाउन, जनसमुदायको क्रान्तिकारी भावना र क्रान्तिकारी चेतना बचाउन, पार्टीलाई ज्वारभाटाका विरुद्ध जानका लागि अभ्यस्त बनाउन, पार्टीको स्वतन्त्र पहिचान स्थापित गर्न, नेता तथा कार्यकर्ताहरूलाई कार्यक्रममा सक्रिय राख्न सफल भएको छ; ख) कठपुतली सरकारको निर्वाचन आयोगद्वारा घोषणा गरिएको मतदाता संख्या प्रतिशतभन्दा निकै कम मतदाताले मतदान गरेको, दार्चुलाका दुईवटा, दाङका दुईवटा, दोलखाको एकवटा र ओखलढुंगाको एकवटा गरी छ वटा मतदान केन्द्रका जनताले बहिष्कार गरी खाली मतपेटिका पठाइदिनुले बहिस्कारको औचित्य प्रमाणित भएको छ र संसदीय व्यवस्था अझै नाङगिएको छ; ग) यो निर्वाचन साम्राज्यवाद र विस्तारवादद्वारा प्रायोजित हो भन्ने कुरा "जेन्जी विद्रोह" का नाममा सरकार परिवर्तन गरी चुनाव गराइनु, बालेन र रवि जस्ता पात्रहरू खडा गरी स्टन्टबाजीका साथ वर्षौंदेखि पूर्वाभ्यास गरिरहेको कुरा नेपाली जनताका लागि रहस्यमा राख्नु, ठुला भनिएका संचारगृह कब्जा गरी मास हिस्टेरिया पैदा गर्नु, रास्वपा उम्मेद्वार र अन्य पार्टीका उम्मेद्वारबीच म्यानिपुलेशनद्वारा जमीन-आकाशको मतान्तर गराइनु, पैसाको खोलो बगाएर राज्यसत्ताका सम्पूर्ण अंग किनिदिनु, चुनावको नतिजा आउँदा नआउँदै अमेरिकाले नयाँ सरकारसँग सुरक्षा सहकार्य गर्ने भनी वक्तव्य दिनु, पूर्व सरकारद्वारा एसपीपी (राज्य साझेदारी कार्यक्रम) स्वीकृत नभएको स्थितिमा स्वीकृत गराउने प्रक्रियागत श्रृंखला तयारीमा राखिनुले स्पष्ट पारेको छ; घ) अतः समग्र घटनाक्रमबाट शिक्षा लिएर क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले राष्ट्रिय स्वाधीनताको विषयलाई प्रमुख मुद्दा बनाउँदै साम्राज्यवाद विरोधी संयुक्त मोर्चा आजको आवश्यकता महसुस गरेको छ र आगामी कार्यक्रम त्यसमा केन्द्रित गरिनेछ ।

३) हामी आदरणीय जनसमुदायलाई आह्वान गर्दछौं कि कुनै ठोस परिस्थितिमा कम्युनिस्ट पार्टीले संसद्मा बहुमत प्राप्त गरेर सरकारमा सहभागी भएको भए पनि यसले संसद र सरकारको पूँजीवादी वा नेपालको सन्दर्भमा दलाल पूँजीवादी स्वरूप बदलिंदैन वा पुरानो राज्यसत्तालाई चक्काचूर पारी नयाँ राज्यसत्ता स्थापना गर्ने काम बाँकी रहन्छ भन्ने कुरा एमाले र माओवादीको संसद तथा सरकार प्रवेश र पतनले पुष्टि गरेको छ । यसबाट आधारभूत सामाजिक परिवर्तन पनि गर्न सकिदैन । त्यसकारण क्रान्तिकारी कम्युनिस्ट पार्टीले पुरानो राज्य सत्तामा आमुल परिवर्तन गरी नयाँ राज्यसत्ता स्थापना गर्न आफ्नो सम्पूर्ण तागत केन्द्रित गर्नुपर्दछ ।






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।